जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक ३१, २०७४ साल मंसिर ८ गते शुक्रबार, नेपाल संवत् ११३८ (Nov. 24, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## गणतन्त्र खारेजीको उत्तेजक नाराबाजी

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्रले गत तिहारमा दिएको अभिव्यक्तिपछि जुर्मुराउन थालेको मण्डले जत्था दिनदहाडै सडकमा गणतन्त्र खारेजीको नारा लगाउँदै हिँडेको छ । शिव सेनाको भ्यानरमा गाडीमा चर्को साउण्डको स्पिकर फिट गरी 'गणतन्त्र खारेज गर, राजतन्त्र जिन्दावाद' जस्ता नारा लगाउँदै नयाँ बानेश्वरबाट पुरानो बानेश्वरतर्फ लागेको जुलुस नौमती बाजा बजाउँदै अघि बढेको थियो । उनीहरुले निर्वाचनको बाँकी ८ पेजमा

## निर्वाचन कार्यालयमै बम

काठमाडौं । पहिलो चरणको निर्वाचन नजिकिँदै गर्दा हिजो नुवाकोटको विदुरस्थित जिल्ला निर्वाचन कार्यालयमा शक्तिशाली बम फेला परेको छ । नेपाली सेनाले सो बम निष्क्रिय पारेको छ ।

निर्वाचन विरोधी तत्वलाई नियन्त्रणमा लिन सुरक्षा निकाय निकै सक्रियतापूर्वक लागेको प्रमुख प्रहरी उपरीक्षक कुवरले बताए । देशैभरि भइरहेका यस्ता घटनाले आम मतदातालाई त्रसित र आतंकित पारिरहेको छ । निर्वाचन विथोल्ने विप्लव नेतृत्वको नेकपाले उम्मेदवार लक्षित आक्रमणलाई तीव्र पारेको सुरक्षा निकायको विश्लेषण छ ।

# चुनौतीको घेरामा निर्वाचन





काठमाडौं । प्रदेशसभा र प्रतिनिधिसभाको पहिलो चरणको निर्वाचन आगामी मंसिर १० गते हुँदैछ । हिमाली र उच्च पहाडी ३२ जिल्लामा हुने निर्वाचनबाट प्रतिनिधि सभाका लागि ३७ र प्रदेशसभाका लागि ७४ सदस्य निर्वाचित हुँदैछन् । पहिलो चरणको निर्वाचनमा ३१ लाख ९१ हजार ९४५ मतदाता छन् । यीमध्ये पुरुष १५ लाख ८६ हजार ५०२ र महिला १६ लाख ५ हजार ४२८ छन् । प्रदेश नं. १ मा ७ लाख १९ हजार १७३, ३ मा १० लाख १ हजार ४०, ४ मा ५ लाख ६३ हजार २४, ५ मा १ लाख ५५ हजार ५५७, ६ मा ३ लाख ६८ हजार २०७ र ७ मा ३ लाख ८४ हजार ९४१ मतदाता छन् ।

संविधानले माघ ७ गतेभित्र स्थानीय प्रदेश र प्रतिनिधिसभा तीनवटै तहको निर्वाचन सम्पन्न गर्न निर्देश गरेबमोजिम स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचित जनप्रतिनिधिहरुले स्थानीय सत्ताको नेतृत्व सम्हालिरहेका छन् । अब पहिलो १० गते र दोस्रो मंसिर २१ गतेको प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएपछि जनप्रतिनिधिले बनाएको संविधानअन्तर्गतको राजनीतिक व्यवस्थाको व्यवस्थापन हुन्छ । संविधानले सुधारिएको संसदीय व्यवस्थालाई अँगिकार गरेको छ । साथै संघीयताको कार्यान्वयनको कोर्ष पनि निर्वाचनपछि पूरा हुनेछ । नेपाल संघीयता अँगाल्ने विश्वकै कान्छो मुलुक हो । निर्वाचित जनप्रतिनिधिहरुले जनआकांक्षा बमोजिम काम गरेनन् व्यक्तिगत र दलीय स्वार्थअनुसार चले भने संघीयता धरापमा पर्ने खतरा त्यत्तिकै छ ।

आवधिक निर्वाचन, नागरिकको मौलिक हकको ग्यारेन्टी, वाक एवं प्रेस स्वतन्त्रता, न्यायिक निकायको स्वतन्त्रता र निष्पक्षता, सुशासन र आर्थिक पारदर्शिता एवं मानव अधिकारको सम्मान लोकतन्त्रका सुन्दर पक्षहरु मानिन्छन् । जहाँसम्म आवधिक निर्वाचनको सवाल छ, यो ४-५ वर्षमा हुने गर्छ । तर नेपालले नयाँ संविधानमार्फत गणतन्त्र र संघीयतालाई संस्थागत गर्नुपरेका कारण आवधिक निर्वाचन नभएजस्तै स्थिति छ । दुईपटक संविधान निर्माणका लागि संविधानसभाको चुनावको अनुभव मात्र छ, मतदातासँग । पहिलो संविधानसभाले संविधान जन्माउने प्रयास त गरेको थियो तर प्रश्नवकालमै संविधानसभाले मृत्युवरण गर्‍यो । दोस्रो संस्करणको संविधानसभाले एक थान संविधान त दियो तर त्यसले आम जनताको अपनत्व ग्रहण गर्न सकेन । खासगरी तराई/मधेस भूगोल असन्तुष्ट बन्यो र संविधान संशोधनको मुद्दामा आन्दोलन चर्कियो । मधेस आन्दोलनको सम्बोधनमाथि संविधान कार्यान्वयन हुनुअघि नै एकपटक संविधानको अप्रेसन गरियो । तर त्यसले छिमेकी मुलुक भारतको शासक वर्ग र त्यसकै तलुवा चाट्ने कथित मधेसी दलहरु र तिनका मुखियाले घाइते अवस्थामै संविधानको 'रि अप्रेसन' गर्न दबाब दिए । सरकारले दोस्रो संशोधन विधेयक संसदमा दर्ता गर्‍यो । त्यसमाथि भोटिङ भयो र विधेयक पूर्णरुपले अस्विकृत भयो । संसदले निर्णय गरी टुंग्याइसकेको विषयलाई प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमणमा दुईतिहाई ल्याएर संशोधन गरिछोड्ने प्रतिबद्धता गरेर नेपालको आन्तरिक विषयमाथि भारतीय हस्तक्षेपलाई स्वीकार गरे । अहिले राष्ट्रिय जनता पार्टी, संघीय समाजवादी फोरम, कांग्रेस, राप्रपा (पशुपतिशमशेर) लगायतका भारतपरस्त दलहरु संविधान संशोधनका लागि दुईतिहाई मत दिन मतदातासाम् रोइलो गरिरहेका छन् ।

मुलुक निर्वाचनमय भइरहँदा सुरक्षाका चुनौतीहरु पनि त्यत्तिकै देखिएका छन् । विशेषत: नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सुरक्षाको मुख्य चुनौतीको रुपमा देखापरेको छ । जनयुद्धको निरन्तरताको संकेत स्वरुप यस समूहले उम्मेदवार लक्षित आक्रमणलाई देशैभर तीव्र बनाएको छ । ९० दिनको अवधिमा विप्लव समूहका कार्यकर्ताले ४५ स्थानमा बम विस्फोट गराएका छन् । २५ ठाउँमा राखिएका बमहरुलाई सुरक्षा निकायले निष्क्रिय बनाएको छ । अहिलेसम्म आक्रमणमा परी कुनै पनि उम्मेदवारहरु अप्रिय समाचारको हेडलाइन भने बनेका छैनन् । बरु तिनका अगुवा पछुवाहरु केही घाइते भएका छिटपुट घटनाले आम मतदातालाई भने त्रसित अवश्य बनाएको छ ।

कुनै पनि कियाका पछि प्रतिक्रिया हुने गर्छ । निर्वाचन हुने क्रियासँग विथोल्ने प्रतिक्रिया आउनु अस्वाभाविक होइन । विप्लव समूहले यस निर्वाचनमा भाग लिएको छैन । निर्वाचन बहिस्कार गर्नु यसमा सहभागी नहुनु विप्लव समूहको आफ्नो राजनीतिक अधिकार हो । तर चुनाव नै विथोल्ने गरी बम बारुद पड्काउनु सभ्य राजनीतिक व्यवहार होइन, यो त आतंक हो श्वेत आतंक । उम्मेदवार बन्ने राजनीतिक प्राणी र मतदान गर्ने नागरिकको अधिकार बन्दुकले छिन्न खोज्नु राजनीतिक अपराध हो । यस्ता क्रियाकलाप विप्लव समूहकै लागि 'हाराकिरी' बन्ने निश्चित छ ।

उम्मेदवारलाई उम्मेदवारी त्यागन दबाब दिने, मतदातालाई मत खसाल्न जान अवरोध गर्ने, कथित जनयुद्धका नाममा अरुको चलअचल सम्पत्तिमाथि प्रभुत्व कायम गर्ने, आफ्नो निर्देशको पालना नगर्नेलाई भौतिक रुपमै सफाया गर्ने विप्लव समूहका राक्षसी हर्कतसँग सरकारले तिघ्रा कमाएको स्थिति छैन न त आम मतदातालाई बहिष्कारको लहडले नै छोएको छ । जनता हिंसाहत्याको अराजनीतिबाट थाकिसकेका छन् । एक दशक लामो कथित माओवादी जनयुद्धको पीडाबाट अझै देश तंग्रिसकेको छैन । अरबौंका भौतिक पूर्वाधारहरुको क्षतिको भर्पाइ कहिले हुने हो भन्न सक्ने स्थिति छैन । कथित जनयुद्धकै परिणाम नेपाल विश्वकै सबैभन्दा गरिब र दरिद्र राष्ट्रको सूचीमा सूचीकृत भएको छ । द्वन्द्वको आर्तनाद खप्न नसकेर ४५ लाख बढी युवाहरु बाँकी ८ पेजमा

## माले महासचिव घरदैलोमा




काठमाडौं । वाम गठबन्धनको नाममा एमाले माओवादीबीच गठबन्धन भए तापनि यसले नेकपा एमालेकै माउ पार्टी मानिने मालेका संस्थापक महासचिव सीपी मैनालीलाई समेटन सकेन । एमाले नेतृत्वले प्रदर्शन गरेको दम्भका कारण माले छुट्टै प्रगतिशील देशभक्त शक्तिहरुको गठबन्धन बनाएर चुनावी मैदानमा ओर्लिएको छ । नेकपा माले र जनसमाजवादी पार्टीबीच बनेको गठबन्धनका कारण धेरै ठाउँ एमाले-माले गठबन्धनलाई अप्ठ्यारो पर्न सक्छ ।

चितवन क्षेत्र नं. ३ मा चितवन जिल्लाकै बाँकी ८ पेजमा

## चुनावमा पैसाको खोलो

काठमाडौं । जति जति निर्वाचन नजिकिँदैछ, नयाँ नयाँ नोटका बण्डल बजारमा फैलिइरहेको छ । निर्वाचन चहलपहल बढेसँगै देशभरि मासु रक्सी लगायत अन्य उत्तेजक पेयपदार्थ रेडबुल, बियर, वाइनको खपत ५ गुणाले बढेको छ ।

स्थानीय भट्टी पसलदेखि सेकुवाघर, तास सेन्टर रेस्टुराँदेखि ठूलठूला तारे होटलसम्म सफा चम्किला लुगा, महँगा, ब्रान्डेड जुत्ता र घडी लगाएका रेबन चस्मा लगाएका, अनुहार फेसियल गरेका युपदेखि लडाकु दस्ताका रुपमा रहेका टुपसम्म अहिले भट्टीदेखि तारे होटलसम्म मदिरालयमा मस्त झुमेका देखिन्छन् ।

आफ्ना मातहतका युवाहरुद्वारा घेरिएका 'मोनिटर' जस्ता मूल व्यक्ति रक्सी र मासुको अर्डर दिँदै कसरी हुन्छ आफ्ना उम्मेदवार अमूक कमरेड अमूक दाइलाई जसरी पनि सामदाम दण्डभेद प्रयोग गरी जिताउने पर्ने उर्दी दिइरहेका छन् । निर्वाचनमा पैसा, धाक बल, साधनस्रोत बाहुवलीहरुको बढ्दो प्रयोगले अब उप्रान्त साधारण इमानदार, आफ्नो दल वा संगठनप्रति प्रतिबद्ध व्यक्तित्वले चुनावमा खडा हुने सपना पनि नदेखे हुने अवस्था आइसकेको छ । विगतमा ५-१० लाख खर्च गर्दा हुने अवस्था अब यसपल्टको निर्वाचनदेखि रहेन । १०-२० करोड चुनावी खर्च गरेर टिकट किन्नेदेखि पैसाको दुरुपयोग गर्दै अन्त्यमा निर्वाचित घोषणा भएसम्म डन, ठेकेदार, गुण्डा, भ्रष्ट राजनीतिक व्यक्तित्व, दलालहरु मात्रै अब उम्मेदवार बन्ने अवस्था आइसकेको छ । त्यस्ता व्यक्तित्व अतिरिक्त कसैले पनि निर्वाचनको ढोका नचियाए हुन्छ । उदाहरणका लागि विक्रम पाण्डे, जीपछिरिङ लामा, गणेश लामा तीर्थ लामा, दीपक मनांगे लगायत अहिले चुनावी मैदानमा होमिएका छन् । यस्ता पृष्ठभूमि भएका व्यक्तिहरुको उपस्थितिले गरिमामय संसदलाई अब कता धकेल्छ सोचनीय विषय बनेको छ ।

भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएका मन्त्रीहरु चुनावी मैदानमा छन् । स्रोत नखुलेको कालोधन उपयोग गर्ने राम्रो ठाउँ निर्वाचन भएको छ । निर्वाचन आयोग आचारसंहिताको व्याख्या गर्नमा व्यस्त छ । तर आचारसंहिताको चौतर्फी खिल्ली उडाइएको छ । शीर्ष मानिने नेताहरु शेरबहादुर, केपी ओली, प्रचण्ड एकै दिन हेलिकप्टर चढेर १० लाख रुपैयाँसम्म भाडा तिरिरहेका छन् । निर्वाचन आयोगले पहिला हेलिकप्टर प्रयोग गर्न नपाउने आचारसंहिता मस्यौदा गरेकोमा नेताको दबाबमा तत्काल सच्याएको थियो । यसै गरी चुनावका बेलामा अत्यधिक मात्रामा भारु पैसा र नक्कली नोटको प्रयोग समेत बढेको पाइएको छ ।

## राष्ट्रघाती घोषणापत्र

काठमाडौं । आधा दर्जन मधेसी दलहरु मिलेर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) ले नेपाल एक राष्ट्र भएपनि तराई–मधेस छुट्टै देश भएको व्याख्या सहितको घोषणापत्र ल्याएको छ । राजपाले सार्वजनिक गरेको घोषणापत्रको प्रस्तावनामा नै मधेसलाई छुट्टै देश रहेको राजपाले उल्लेख गरेका छ । घोषणापत्रमा राखिएको यस्तो प्रावधानप्रति राजपाकै नेताहरुले असन्तुष्टि जनाएका छन् ।

राजपाद्वारा जारी घोषणापत्रमा उल्लेख छ-

'नेपालको उच्च हिमाली क्षेत्रमा बस्ने समुदाय र चीनको स्वाशासित प्रदेश तिब्बतमा रहेका उस्तै संस्कृति भाषा र चालचलनमा सामीप्यता भएका समुदायहरुको राष्ट्र एकै भए पनि देश फरक रहेको छ । त्यस्तै भारतको दार्जिलिङ, सिक्किम, आसाम आदिमा बस्ने खस भाषाभाषी होस् वा नेपालमा बस्ने खस भाषाभाषी संस्कृति, विचार एवं चालचलनको आधारमा एकै राष्ट्र हुन् तर तिनीहरुको देश फरक छ । 'यसैगरी नेपालको दक्षिणतिरको समथर भूमिमा बस्ने मधेसी, थारु, दलित, जनजाति र मुस्लिम शत प्रतिशत नेपाली हुन् तर ती सामुहिक रुपमा आफैमा एक राष्ट्र पनि हो । जसको निश्चित भूगोल, समान जीवन पद्धति, संस्कृति, सभ्यता एवं मनोविज्ञान छ । यो भारत, मरिसस र अन्य देशका समुदाहरुसँग मेल खान पनि सक्छ ।'

## जनता बाँच्ने कसरी ?

*'कति राम्रो शेरबहादुर सरकार, जन्ती जस्तै मन्त्रीको लस्कर*
*मूल्यवृद्धि चौतर्फी हाहाकार, देउवा पत्नी जोड्दैछन् नयाँघर'*

कवि प्रतेक् उत्सुकका कविताका यी हरफहरुमा भनेजस्तै सरकारको जम्बो मन्त्रिमण्डल देश लुट्न व्यस्त छ । प्रधानमन्त्री पत्नीले आफ्नो निर्वाचन क्षेत्रमा ३ करोडको नयाँ घर खरिद गरेकी छन् । राजनीतिलाई पेसा बनाएर उद्योगपतिलाई माथ गर्ने गरी सम्पत्ति जोडेका देउवाको सम्पत्तिको स्रोतको वैधताबारे कसैले प्रश्न गरेका छैनन् । यसो हुनुमा शीर्ष भनिएका सबै नेताहरु भ्रष्ट रहेका र 'काले काले मिलेर खाऔं भाले' मा तल्लीन भएकाले नै हो । अब झन् यिनै भ्रष्टहरुले सदासर्वदा सत्तामा बसेर मुलुक लुट्ने गठबन्धन तयार गरिरहेका छन् र सदावहार सत्ताधारी भएपछि नेताहरुको सम्पत्तिको स्रोत खोज्ने कसले ?

उता जनता महँगीले थलिएका छन् । पैसाको भ्यालु अवमूल्यन भएर तरकारी किन्ने पैसा झोलामा बोक्नुपर्ने स्थिति आउन थालेको छ । हुनेले त झोलामा पैसा बोकेर पनि किनी खालान् नहुनेले खाने के ? एउटा फर्सीको ५०० रुपैयाँ पर्छ भने बन्दाकोपी केपीको १००, सीमी २००, काउली १४०, तितेकरेला, गोलभेँडा १५० रुपैयाँ केजी पुगिसकेको छ । खाद्यान्नको भाउ पनि अक्कासिएको छ । नेपाली पैसा क्रमश: खोस्टासरह बन्दै गएको बानेश्वरका रत्नकाजी महर्जन बाँकी ८ पेजमा

## समय-सन्दर्भ | सी विचारधारा समृद्ध चीनको आधार

**राजेन्द्र शर्मा**

सन् २०१२ मा चीनको राष्ट्रपतिमा निर्वाचित भएपछि सी जिन पिङ निरन्तर सत्ता शक्तिमा आफ्नो पकड कायम राख्दै आएका छन् । बेइजिङको ग्रेट हल अफ चाइनामा भेला भएका दुई हजारभन्दा बढी प्रतिनिधिले नयाँ युगका लागि चिनियाँ विशेषता सहितको समाजवादमा सी जिन पिङको आदर्श स्थापित गर्न सफल भएका छन् ।

सी जिन पिङको नयाँ युगलाई आधुनिक चीनको तेस्रो अध्यायका रुपमा लिइन्छ । पहिलो अध्याय अन्तर्गत गृहयुद्धले तहसनहस पारेको चीनलाई माओले एक ढिक्का बनाएका थिए । दोस्रो अध्यायमा देङ



सिआओपिङको नेतृत्वमा चीन समृद्ध भएको थियो । तेस्रो अध्यायअन्तर्गत नयाँ युगमा राष्ट्रपति सीले देशलाई एक ढिक्का र समृद्ध बनाउनका साथै देशलाई अनुशासित बनाएका छन् भने देश बाहिर चीनलाई सशक्त प्रतिनिधित्व गरेका छन् । सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टी २८ वर्षपछि सत्तामा आएको थियो । यो सँगै आफ्नो महाधिवेशनमा विधानलाई संशोधन गर्दै समयसापेक्ष बनाउँदै अघि बढेको छ ।

सी विचारधारालाई चिनियाँ सन्दर्भमा मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई समयसापेक्ष लागू गर्ने प्रणालीको रुपमा विश्लेषण गरिएको छ । यसले आफ्नो विकासको गति बढाउन चाहने अन्य देश र राष्ट्रहरुलाई चिनियाँ विवेक र चिनियाँ प्रणालीमार्फत समस्याको समाधान गर्न नयाँ विकल्प दिनेछ । राष्ट्रपति सीले भनेका छन् । चिनियाँ सरकारी मुखपत्र ग्लोबल टाइम्सले सीको विचारधारालाई वास्तविक समाजवादका रुपमा चित्रण गरेको छ । 'यो समाजवाद हो, नयाँ युगमा जनताको समृद्धि जीवनप्रति पार्टीको प्रतिबद्धता हो ।'

चीनले आफ्नो पुरानो परम्परा तोड्दै सी जिनपिङका उत्तराधिकारी नतोकीकन पार्टीको शक्तिशाली स्थायी समिति र पोलिटब्युरो चयन गरेको छ । यसबाट आगामी पाँच वर्षका लागि चीनमा सीको स्थिति थप बलियो भएको छ । सात सदस्यीय स्थायी समितिमा पाँच नयाँ सदस्य चयन भएका छन् । जसमा राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली खछ्याङ पुराना सदस्य रहेका छन् । त्यसबाहेक ली जंसु, वाङ याङ, वाङ हनिङ, झाओ लेजी र हान झङ रहेका छन् । नयाँ सदस्यमा ६२ वर्षीय उपप्रधानमन्त्री वाङ याङलाई बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

सम्पादकीय

# आचारसंहितामा कडाइ गर

निर्वाचन नजिकै आइसकेको छ । निर्वाचनको प्रचारप्रसारमा तीव्रता देखिएसँगै आचारसंहिता उल्लंघन गर्ने होडबाजी चल्न थालेको छ । शान्तिपूर्ण, धाँधलीरहित, निष्पक्ष निर्वाचन गर्ने दायित्व बोकेको सरकार आफैं आचारसंहिता उल्लंघनको होडबाजीमा लागेको छ । सरकारले आचारसंहिता विपरीत कर्मचारी सरूवा गरिरहेको छ । गृह मन्त्रालयले नुवाकोटका सिडिओ जगदीशराज बराललाई प्रहरी किताबखानामा सरूवा गरेको छ । नुवाकोटको सिडिओमा गृहकै सहसचिव वीरेन्द्रकुमार यादवलाई पठाएको छ । नुवाकोट जस्तै अरू ६ जिल्लाका सिडिओ हेरफेर गरिएको छ ।

गृह मन्त्रालयले आचारसंहिता विपरीत गरेको कर्मचारी सरूवालाई लिएर मिडियाहरूमा समेत प्रश्न उठिरहेको छ । निर्वाचन आयोगको सहमतिबिनै गरिएको सरवा आचारसंहिता विपरीत ठहरिन्छ । तीन महिना पनि सिडिओको जिम्मेवारी पूरा गर्न नपाई सरूवा गर्नुलाई निर्वाचनमा धाँधली गराउने प्रयोजनले पार्टी निकट व्यक्ति खटाइको अर्थ लगाएमा त्यसको उत्तर पक्कै पनि सहज हुँदैन । जिल्लाको शान्तिसुरक्षा लगायत कर्मचारीतन्त्रको सम्पूर्ण जिम्मेवारी सिडिओलाई नै हुन्छ । सिडिओको इसारामा प्रहरी प्रशासन चल्ने हुनाले निर्वाचनमा यसको गलत प्रयोग हुन सक्छ । निर्वाचन आयोगले आचारसंहिता लगाए पनि सरकार यसको धज्जी उडाइरहेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिमण्डलमा पछिल्लो नियुक्ति र फेरबदल पनि आचारसंहिता विपरीत गरेका थिए । यसैगरी आफ्ना कार्यकर्ताहरूलाई करोडौं रकम आचारसंहिता विपरीत बाँडिएको थियो । सरकारका मन्त्रीहरूलाई आयोगले पटक पटक आचारसंहिता उल्लंघनका घटनामा सचेत गराउँदै आएको छ । 'काग कराउँदै छ पिना सुक्दैछ' भन्ने एउटा उखानै छ । सरकार आफैं निर्वाचन आयोगको धज्जी उडाउँछ भने पालना कसले गर्ने ?

निर्वाचन आयोगले सानातिना दललाई मात्र आचारसंहिताको डर देखाएर तर्साउने गरेको छ । ठूला राजनीतिक दलका उम्मेदवारहरूले पैसाको खोलो बगाएर प्रचारप्रसार गरिरहेका छन् भने पैंसाको अभावमा आफ्नो चुनावचिन्ह मतदातालाई जानकारी गराउन नसक्ने थुप्रै उम्मेदवार चुनावी मैदानमा छन् । पैसा बाँड्ने, भोजभतेर गर्ने, पार्टी प्यालेसहरूमा चुनावीसभा, समारोह गर्ने, आचारसंहिता विपरीत सवारी साधनका लावा लस्कर हिंडाउने, सरकारी गाडीहरूको दुरूपयोग गर्ने जस्ता क्रियाकलाप सर्वत्र देख्न पाइन्छ । निर्वाचनमा गुन्डा डनहरूको प्रयोग पनि हुने गरेको छ । जसरी हुन्छ जित्ने मनस्थितिमा रहेकालाई आचारसंहिताले छेक्न सकेको छैन । आयोगले सानातिनालाई तर्साउनेभन्दा आचारसंहिताको पालना गराउन सरकारबाटै सुरू गर्नुपर्छ ।


निर्वाचन निष्पक्ष र धाँधलीरहित हुन सकेन भने जनताको मतको कुनै अर्थ रहँदैन । जनतालाई सुरक्षित रूपले मतदान केन्द्रसम्म जान सक्ने र निर्भयपूर्ण ढंगले आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न सक्ने सुरक्षाको प्रत्याभूति दिन पनि उत्तिकै जरूरी छ । निर्वाचनका समयमा भइरहेका बम विष्फोटका घटनाले पनि निर्वाचन शान्तिपूर्ण होला नहोला भन्नेमा प्रश्न उठेको छ । त्यसैले आयोगले तोकेको आचारसंहिता सबैले पालना गर्ने र शान्तिसुरक्षा कायम गराउने दायित्व पूरा गर्न सम्बन्धित सबै जिम्मेवार बन्नैपर्ने हुन्छ ।

# मालेको घोषणापत्रमा ग्रेटर नेपाल, राष्ट्रघातीहरू त्रस्त



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

२०४७ को संविधानले नेपाली जनतालाई नेपालको इतिहासमा पहिलो पटक सार्वभौमसत्ताको मालिक बनाएपछि यस पंक्तिका लेखकले ग्रेटर नेपालको नक्सा रंगमंच पत्रिकामा छापी ग्रेटर नेपाल प्राप्तिको अभियान शुरु गरेको थियो । ग्रेटर नेपाल अभियान कानुनसम्मत छ र त्यस क्षेत्रमा बस्ने नेपालीहरुले चाहन्छन् भने जनमत संग्रह गराएर त्यस मुद्दाको छिनोफानो गर्नुपर्दछ भन्ने भनाइ रंगमंच पत्रिका मार्फत कमरेड मदन भण्डारीले राखेपछि भारतको इसारामा भुटानले नेपालीहरु महानेपाल बनाउन लागे भन्दै एक लाखभन्दा बढी भुटानी नेपालीहरुलाई भुटानबाट लखेट्यो । अनि आफ्नो गुप्तचरलाई एमालेभित्र छिराई मदन भण्डारीको हत्या गराउन भारत सफल भयो । त्यसपछि ग्रेटर नेपाल शब्द सुन्नै डराए नेपाली राजनीतिक दलहरु । २०४७ सालअघिका संविधानहरुमा देशको सार्वभौमसत्ता राजामा निहित हुने गर्दथ्यो जस्ले कहिले यो मुद्दा उठाएन । राजा महेन्द्रले कोदारी राजमार्ग बनाए, नेपालको उत्तरी सीमाबाट भारतीय सैनिक चेक पोस्ट हटाए तापनि ग्रेटर नेपालको मुद्दा उठाउने आँट भने गर्न सकेका थिएनन् । ठीक त्यसको विपरित पंचायत व्यवस्थालाई भारतको समर्थन सदाको लागि लिन भनेर भारतलाई खुसी बनाउन यदुनाथ खनाललाई भारत पठाइ सन् १९६५ मा नेपालको रक्षा मामिला भारतलाई सुम्पने गोप्य सन्धि गरे । सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरेपछि भारतीय


९. राष्ट्रियताको सुदृढीकरण

९.१. नेपाल-भारत सीमानालाई नियमन गर्ने सजिलो वैज्ञानिक व्यवस्था गरिनेछ । सीमा वारपार गर्ने निश्चित नाकाहरूमा अवस्थित दुवै देशका अध्यागमन कार्यालयहरूले तोकिएका प्रमाणको आधारमा सीमा वारपार गर्ने दुवै देशका नागरिकहरूको विद्युतीय प्रणालीमा दर्ता-अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

९.२. सुस्ता र कालापानी लगायत नेपाल-भारत सीमानाका विभिन्न स्थानमा रहेका विवादलाई विगतका सम्झौताहरू र ऐतिहासिक तथ्य प्रमाणको आधारमा समाधान गरिनेछ । सीमा-स्तम्भहरूलाई सुरक्षित र अद्यावधिक गरिनेछ । सुगौली सन्धीद्वारा निर्धारित लिम्पियाधुराबाट उद्गमित महाकाली नदीको नेपाल-भारत सीमानालाई कायम गर्ने पहल गरिनेछ । यस अन्तर्गत नै नेपालको लिपुलेक सम्बन्धी विवादलाई अन्त्य गरिनेछ । दक्षिणी सीमानामा पानीको प्राकृतिक प्रवाहलाई रोक्ने गरी बनाइएका संरचनाहरू हटाउन पहल गरिनेछ ।

९.३. सन् १९५० मा सम्पन्न नेपाल-भारत शान्ति तथा मैत्री सन्धीलाई समयानुकूल परिमार्जन गर्न शुरु भएको कार्यलाई सफलताका साथ अघि बढाइनेछ ।

९.४. नेपाल-भारत बीच व्यवहारमा देखिएका विभिन्न खाले असमानताहरूलाई अन्त्य गर्ने पहल गरिनेछ । यसको निम्ति आवश्यक देखिए नेपाल-भारत बीच भएका कुनै पनि सन्धी-सम्झौताको पुनरावलोकन र परिमार्जन गर्न पहल गरिनेछ । विराटनगरमा सहमति विपरित भारत सरकारद्वारा संचालित 'क्याम्प अफिस'लाई हटाइनेछ ।

९.५. ब्रिटिश-भारत र नेपालबीच १८१६ मार्च ४ मा हस्ताक्षरित

साझा घोषणापत्र-२०७४ २२

असमान सुगौली सन्धीलाई भारत र ब्रिटेनका सरकारहरूले खारेज गरिसकेको अवस्थामा उक्त सन्धीद्वारा तत्कालिन ब्रिटिश-भारतमा गाभिएका नेपाली भूमिको हैसियत र तिनको फिर्ती सम्बन्धी अध्ययन-अनुसन्धानलाई प्रोत्साहित गरिनेछ ।

१०. अन्तर्राष्ट्रिय सम्बन्ध संचालन

१०.१. पञ्चशीलमा आधारित असंलग्न तथा तटस्थ परराष्ट्र नीति अवलम्बन गरिनेछ । दुवै ठूला छिमेकी देश चीन र भारतसँग समसामिप्यताको नीति अपनाइनेछ ।

१०.२. चीन तथा भारतका जायज संवेदनशीलताहरूको सम्मान गरिनेछ र दुवैका जायज सुरक्षा हितहरूप्रति ध्यान दिइनेछ । दुवैका विरुद्ध नेपाली भूमिको दुरुपयोग हुन दिइनेछैन ।

१०.३. एक चीन नीति र तिब्बत चीनको अभिन्न अङ्ग भएको तथ्यलाई पूर्ण सम्मान गरिनेछ ।

१०.४. व्यापार तथा पारवहनमा दक्षिणको छिमेकी भारतबाट प्राप्त अधिकार र सुविधाहरूलाई पूर्णतः सदुपयोग र विस्तार गरिनेछ ।

१०.५. एउटा मात्र छिमेकी मुलुकमाथि रहेको नेपालको एकलौटी निर्भरतालाई अन्त्य गर्न व्यापार तथा पारवहनलाई विविधीकरण गर्ने नीति अपनाइनेछ । यसको निम्ति उत्तरको छिमेकी समाजवादी चीनबाट प्राप्त हुने अधिकार र सुविधाहरूको उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।


११. प्रदेश सरकार सञ्चालन सम्बन्धमा

११.१. प्रदेशहरूलाई संविधानमा निर्धारित मापदण्ड बमोजिमका पूर्वाधारहरूको व्यवस्था गरेर तिनलाई आवश्यक भौतिक साधनयुक्त

साझा घोषणापत्र-२०७४ २३

प्रधानमन्त्री इन्दिरा गान्धीको भुइँमा खुट्टै थिएन । यही सन्धिको बलमा उनले पाकिस्तानलाई टुक्राइ बंगलादेश र सिक्किमलाई भारतमा विलय गर्न समर्थ भइन् । इन्दिरा गान्धीको त्यो करतुत राजा वीरेन्द्रले टुलुटुलु हेरेर बस्न सकेनन् र आफ्नो राज्याभिषेकको अवसर पारी उनले अन्तर्राष्ट्रिय समुदायसमक्ष नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखे जुन प्रस्तावलाई भारत र सोभियत संघबाहेक विश्वको ११६ राष्ट्रले समर्थन गरेको अवस्थामा पनि राजा वीरेन्द्रले ग्रेटर नेपालको कुरा उठाएनन् । शान्ति क्षेत्रको प्रस्ताव ल्याई भारतलाई अन्तर्राष्ट्रिय रुपमा एक्लो बनाएकै कारण र नेपालमा रहेका १ करोड भारतीयलाई नेपाली नागरिकता दिने विधेयकमा लालमोहर लगाउन नमानेकै कारण भारतले राजा वीरेन्द्रको वंश विनाश गऱ्यो र सोही कुरा नमान्दा माओवादी लगायतका कांग्रेस र एमालेलाई उठाइ आन्दोलन गर्न लगाइ नेपालबाट राजसंस्था जरा उखेलेर फाल्न भारत सफल रह्यो । गणतन्त्र नेपालले भारतीयलाई नेपाली नागरिकता दिने विधेयकमा हस्ताक्षर गरेपछि ६३ लाख भारतीयहरुले नेपाली नागरिकता पाए । यसप्रकार नेपाललाई सिक्किम बनाउने क्रममा भारतलाई एकपछि अर्को गर्दै सफलता हासिल हुँदै गयो । नेपालको अस्तित्व समाप्त भएमा यही भूमिबाट स्वतन्त्र तिब्बतको अन्तर्राष्ट्रिय आन्दोलनलाई मलजल पुग्नेदेखि चीनले नेपालको मामलामा चाख राख्न शुरु गरेपछि हिजो मदन भण्डारीको हत्यामा संलग्न र महाकालीमा राष्ट्रघात गर्ने एमाले रअको कित्ता छाडी राष्ट्रवादी कित्तामा आएको अभिनय गर्न थाल्यो । यद्यपि यसले ग्रेटर नेपाल र भारतीयले मिचेको नेपाली भूमिबारे आफ्ना चुनावी घोषणा पत्रमा चुँ.. सम्म गरेन । यसैकारण राजनीतिक पार्टीगत रुपमै मिचिएको भूमि र ग्रेटर नेपालको मुद्दा उठाउन मैले आफ्नै नेतृत्वमा देशभक्त पर्यावरणीय समाजिक मोर्चा बनाइ ग्रेटर नेपाल र मिचिएको भूमिको मुद्दालाई आफ्नो घोषणापत्रमार्फत नेपाली मतदातासमक्ष पुऱ्याउन थाले । नयाँ र साना दलहरुले राष्ट्रघात, भ्रष्टाचार अनि प्रदूषणका मुद्दा उठाउलान् र आफूहरु सत्ताबाट विस्थापन गर्लान् भनेर राष्ट्रघाती ठूला दलहरुले निर्वाचन कानुन पास गरी अनि आफूहरुबीच गठबन्धन बनाइ साना दलहरुको अस्तित्व समाप्त गर्न खोजे फलस्वरुप साना दलहरुले पनि एकता र गठबन्धन गरी तथाकथित ठूला दलहरुको राजनीतिमा भएको एकाधिकार अन्त्य गर्ने क्रमको शुरुवात गरे । यसै प्रसंगमा देशभक्त पर्यावरणीय सामाजिक मोर्चा र नेपाल कम्यूनिस्ट पार्टी (माले) बीच पार्टी एकता, र माले र जनसमाजवादी पार्टीबीच चुनावी गठबन्धन बन्यो । यसले जारी गरेको घोषणापत्रले ग्रेटर नेपाल, भारतद्वारा अतिक्रमित नेपाली भूमि, नेपाल भारत सीमा क्षेत्र दशगजामा अन्तर्राष्ट्रिय कानुन विपरित भारतले खडा गरेको संरचनाको कारण नेपाली भूमि जलमग्न भएका जस्ता कुराहरुलाई निडर भएर आफ्नो घोषणापत्रमा राखेको छ । नेपाली जनताले आउँदो चुनावमा आफूहरुलाई बहुमत दिएर जिताएमा त्यस्ता कुराहरु कार्यान्वयन गर्ने प्रतिबद्धता समेत माले जनसमाजवादीले जनाएको छ । यस्ता कुरा ठूला भनिने राष्ट्रघाती, भारतीय दलालहरुको बोलवाला भएको कुनै पनि राजनीतिक दलको घोषणापत्रमा उल्लेख छैन । माले र जनसमाजवादी दलले यस्तो घोषणा पत्र जारी गरेको कारण कतै नेपाली मतदाताहरुले मालेलाई पो रोज्ने हुन् कि भन्ने डरले यिनीहरु चुनाव नगराउने षडयन्त्रमा लागेका छन् । चुनावको मुखमा बमहरु पड्कनु, एम्बुस राख्नु, गोली चल्नु अनि जनतालाई त्रसित बनाइ मतदान गर्नबाट वन्चित गर्ने जस्ता कार्य हुनु राष्ट्रघातीहरुको कमजोर मनस्थितिको उपज हो । नेपाली मतदाताहरु साँच्चै राष्ट्रवादी छन् अब मालेको विजयलाई कसैले रोक्न सक्तैन ।

# समस्यै समस्या : समाधान गर्ने कसले ? (२)



**जगदीश**
**लामिछाने**
रौतहट, पौराई

उक्त शीर्षकको २०७३।५।३ को यो हरफ कर्ताको यही स्तम्भ लेखमा समस्या नं. १ भूकम्प २०७२-१-१२ देखि २०७३-५-३ सम्म लेखिएको थियो । अझै पुरानै दुःख धेरै बाँकी नै छन् । यसैले २०७४-८-८ सम्म नै भनौं पीडितलाई दुःख दिने नेता तथा कर्मचारी उस्तै छन् । दोस्रो समस्या नं. २ भ्रष्टाचार पनि उस्तै छ । समस्या नं. ३ समन्वयको अभाव नै हो, त्यसमा तराईका नेता तथा जनताले स्थानीय निर्वाचन सम्पन्न गरिसकेका छन् । आमनिर्वाचन आजैका ठीक दुई दिनपछि मार्ग १० गते पनि गर्ने नै छन् । यसैले समन्वय सुधारोन्मुख छ भन्नैपऱ्यो । देश धर्म सनातन धर्मको बाधा विरोध उस्तै पार्ने नेताहरु नै खास दोषी हुन् । पूर्वराजाले पनि विदेशीसँग समन्वय गर्दा धोका पाएकोमा पछुताउ गर्न बाँकी नै छ । नेताहरुले प्रजातन्त्रमा मनसा, वाचा र कर्मणा लाग्नुभन्दा मतदातालाई त्रासमा पारी बम तथा हतियारको धाक देखाउन तुरुन्त छोड्नुपर्छ । राणा तथा शाही परिवारले पाएको दुःखबाट ज्ञान नलिएको पनि देखियो । आफूलाई पाएको सुविधा बिर्सेर धम्कीको भाषा बोल्नाले उनीहरुकै भलो हुने छैन । यी नेताहरुले समस्या नं. ४ विदेशी सहायतामा दुरुपयोग अथवा स्वेच्छाचारिता कम गराउँदैनन् भन्ने अरु डर पैदा भएको छ ।

एउटा अर्को पाँचौं समस्या चाकडी समेत छुटेको देखियो । यी नेता मात्र हैन हाकिमहरु पनि भ्रातृ संगठन अथवा व्यक्तिबाट आफ्नो चाकडी गराइरहन्छन् र आफूचाहिँ विदेश र विदेशीका चाकडी गरिरहन्छन् । शिक्षामा विकृति यसै कारणले बढेर सार्वजनिक विद्यालय र निजी विद्यालयका दुई थरी विद्यार्थी पैदा गरी नेपालको आफ्नै पौरखी विश्वविद्यालय वा विद्यालय तथा संस्कृत विश्वविद्यालयमा पढ्नेहरुले आफूलाई टुहुरो भन्ने गरेका छन् । अथवा विश्वविद्यालयहरुमै नेपाली संस्कृति बिर्सेर विदेशमुखी शिक्षा दिने दिलाउने चाकडी गरिरहेछन् । यही चाकडीको पराकाष्ठा हो । अहिले नेपाली टेलिभिजनले सर्वसाधारणले आफ्नो कार्यक्रम नहेरुन् भन्ने सूचना टाँसिदिएर एउटै घरका कोठा कोठामा छुट्टाछुट्टै मान्छे तयार गर्न लागेको छ । त्यही भ्रष्टाचार नै चाडकी हो ।

आफ्नै देशका ७२ ठाउँमा विदेशले सिमाना च्याप्दा बोल्नै छोडेका छन् । आफ्नै टिस्टा काँगडा विदेशसँग माग्न सबै नेता डराइ डराई चाकडी गरेको धेरै भयो । यही हरफकर्ताका ब्रह्मस्थानको वेदना २०६४ मा किताब छापिदिने प्रकाशक रामशरण तिमिल्सिना र लक्ष्मण न्यौपानेलाई दुई छुट्टाछुट्टै दलले च्यापेको छ । ती दुवै दल लेखकको मागमा बेवास्ता गर्ने चाकडीदारै हुन् भन्नै परेको छ ।

अरु कति निराशाको कुरा गरौं अब छैटौं समस्या 'आशा' नै नाम राखौं । किनभने यो देश निराशामा मात्र बाँचेको छैन । आशामै बाँचेको छ नेपाल । यो ध्रुवसत्य नै हो । यसैले तत् समयका प्रधानमन्त्री सुशील कोइरालाले छिमेकी देश भ्रमण गरी चाकडी गर्न नपाए पनि नेपालको संविधान २०७२ तयार गराई पूर्व राष्ट्रपति रामवरण यादवका हातबाट लोकार्पण गराउनुभयो । यसमा दुवैलाई धन्यवाद । त्योभन्दा राम्रो कुरो माओवादी द्वन्द्व समाधानकर्ताहरुले योग्य माओवादीहरुलाई नेपाली सेनामा समावेश गराउने र द्वन्द्वकर्ताहरुलाई प्रजातान्त्रिकरण गराइदिने सबैलाई असल कामको जस दिनैपर्छ किनभने भर्खरै महिला माओवादी सेनाहरुको अन्तर्वार्ता लिएर उनीहरुले विदेश बसी नेपाली १७००० मारिएका हुन् भनी अमेरिकन अनुसन्धानकर्ता थोमस ए म्याक्सको लेखको सार संक्षेप नेपाली पत्रिकामा गत कात्तिकमै छापियो । अंग्रेजी अमेरिकामै छापिएको उल्लेख भएकै छ । यसरी द्वन्द्व गराउने प्रमुख पुष्पकमल दाहाल र बाबुराम भट्टराईलाई प्रधानमन्त्री नै बनाउने नेपाली समाजलाई धन्यवाद दिनैपर्छ । किनभने संविधानसभा सकिएको छ । स्थानीय चुनाव देशभर समाप्त भएकै छ अब संसदीय चुनाव आजैको दुई दिन अर्थात् मार्ग १० गते नै सुरु हुँदैछ । यसैले यी नेपाली जनतालाई पुनः एकपटक धन्यवाद दिउँ शान्ति आशा गरौं ।

अझै उत्तम कुरो गत २४ गते ९० वर्षको उमेरमा दिवंगत हुने पूर्वप्रधानमन्त्री कीर्तिनिधि बिष्टसँग डेढ वर्षअगाडि नागरिक दैनिक नेपाली पत्रिकाले अन्तर्वार्ता लिएको रहेछ । त्यही अन्तर्वार्ता त्यो पत्रिकाको २०७४ मार्ग २ गते छापिएकोमा उहाँकै अन्तर्वार्तामा कुनै पनि नेपालका पूर्व प्रधानमन्त्रीहरुको आलोचना नगरीकन सबैको आलोचना गर्न समेत सफल अन्तर्वार्ताले पुनः आशाको दियो बाल्न कोसिस गरेकै छ । समन्वयको झिल्का पनि दिएकै छ । श्री ५ महेन्द्रको पर्याप्त प्रशंसा गरी आफूले भारतीय सेना फिर्ता पठाएको पनि उल्लेख छ । हेरौं केही हरफहरु जस्ताको तस्तै । उहाँकै शब्दहरु र आशा गरौं उन्नतिको–

'मैले इन्दिरा गान्धीसँग पनि भनेको थिएँ, चाइनासँग नेपालको सम्बन्धले तपाईंलाई पनि फाइदा गर्छ । तपाईं कति दिन कति वर्ष तपाईं जस्तै तपाईंभन्दा ठूलो तपाईंभन्दा धेरै जनसंख्या रिसोर्सको हिसाबले पनि तपाईंभन्दा अगाडि रहेको मुलुकसँग दुस्मनी गरेर बस्नुहुन्छ ? त्यसो नसोच्नोस् मिलाउनुहोस् हामी त्यसै गर्दैछौं ।'

'म प्रो नेपाल हुँ'

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण (३)

प्राकृतिक सौन्दर्य र आनन्द मिल्यो तर जीवित छउन्जेल जस्तोसुकै ऋषिमुनि भन्नेहरूलाई पनि आवश्यक पर्ने खाना, कपडा, आवासजस्ता कुराहरूको अभाव भयो । शासकहरूलाई हुँदा नहुँदा ज्ञानगुण सिकाउँदै, सुझाव र सल्लाह दिँदै जीवन गुजारेका ती पण्डितहरूलाई अन्न उत्पादन गर्न खेतीपाती कसरी गर्ने ? कपडाका लागि के चाहिन्छ र त्यो कसरी बुन्ने वा सिउने ? घर कसरी बनाउने ? केही थाहा भएन । देवघाटमा उनीहरूलाई सङ्कट आइपरेको हुन सक्छ । अनि अब के गर्ने त ? मानिसहरूलाई सिधै 'देवघाटमा आऊ र मेरा आवश्यकता पूरा गर' भन्न मिलेन । अनि उपदेश दिँदै प्रचार गर्न थाले– देवघाट आई दान, श्राद्ध, यज्ञ गरे धेरै फल मिल , स्नान गरे सबै पाप नासिन्छ ।

माथिका भनाइबाट दुइटा कुरा प्रस्ट हुन्छन्– पहिलो, 'दान, श्राद्ध र यज्ञ' का लागि ब्राह्मणहरू मात्र योग्य हुने भएकाले यो कुरा सिधै उनीहरूको स्वार्थसँग जोडिएको छ भने अर्कोतिर, जनताको सांस्कृतिक चिन्तनमै ब्राह्मण, पण्डितहरूलाई सधैं पूजनीय तुल्याउने परम्परा बसेको छ । यो कुरा आजको सभ्य (?) भनिने समाजमा पनि गहिरो जरा गाडेर बसेको छ । त्यसैले त विज्ञानमा गहिरिएर अध्ययन गरेकाहरूसमेत धर्म कमाएर स्वर्ग पुग्नकै लागि पण्डित र पुरेतहरू खोज्दै हिंड्छन् र उनीहरूले भनेमुताबिक गौदान, भूदान, अन्नदान, वस्त्रदान, स्वर्णदान गर्छन् । हुँदाहुँदा अब त रेडियो दान, क्यामरा दान, गाडी दान, टिभी दान, टेलिफोन दान दिन मात्र बाँकी छ ।

मानिसको विचारधारात्मक कुरा मोडिएपछि उसका सम्पूर्ण व्यावहारिक कुराहरू पनि स्वाभाविक रूपले मोडिन्छन् । हजारौं वर्षअगि पण्डित, पुरेतहरूले प्रतिपादन गरेको स्वर्ग–नर्कको सिद्धान्त यो सभ्य भनिने समाजका शिक्षित मानिसहरूमा समेत घर जमाएर बस्नु चानचुने कुरा होइन ।

'देवघाटमा आई स्नान गरेमा जस्तोसुकै पाप पनि नाश हुने' भनाइमा चाहिँ पण्डित, पुरेतहरूले अलि ढङ्ग नपुऱ्याएकै हो । किनकि जनद्रोही, देशद्रोही, ज्यानमारा, बलात्कारी र अपराधीहरूले जेल र कालकोठरीको सजाय नपाई 'देवघाट गण्डकीमा स्नान गरेपछि मुक्त हुन्छ' भन्ने कुरामा जस्तोसुकै लाटासुधाको पनि चित्त बुझ्दैन । धन्य, जनतालाई युगयुगसम्म भेडाबाख्राझैं ठान्ने ऋषिमुनिहरू !

*(क्रमशः)*

# मैले देखेको एक्काइसौं विश्व सम्पदा : बर्लिनको पर्खाल

सुरेन्द्र ढकाल




पर्खाल भत्काई दुवैतर्फका जर्मन नागरिकहरू एक भएको क्षण



पर्खालको पश्चिम मोहोडामा जनस्तरमा गरिएको पेन्टिङहरू



पर्खालको पूर्वी मोहोडा



पर्खालको ठाउँ ठाउँमा जनताले यसरी प्वाल पारेका थिए



पेन्टिङ गरिएको पर्खालको पश्चिमी मोहोडा



पर्खालको पश्चिमी मोहोडामा सुरेन्द्र ढकाल सन् १९८८ मेमा

सन १९८५।८७ को इटलीको अध्ययन सकेर म १९८७ अक्टोवरमा नेपाल फर्किएँ । इटली पढ्न जानुअगाडि सन् १९८३ मा नै मैले जर्मनीमा प्रशासनिक विज्ञानमा स्नातकोत्तर अध्ययन गर्ने हेतुले छात्रवृत्तिका लागि आवेदन गरेको थिएँ । तर सन् १९८४।८६ को उक्त स्नातकोत्तर प्रोग्राम रद्द भएको लिखित सूचना आएको कारण म सन् १९८५ मा इटली पढ्न गएको थिएँ ।

इटलीबाट पढाइ सकेर आएको १५ दिनमा नै रद्द भएको उक्त स्नातकोत्तर प्रोग्राम सन् १९८८ मे बाट शुरु हुने सूचनाको साथ मैले मेरो कन्फरमेसन प्राप्त गरें । जर्मन भाषाको माध्यमबाट पढाइ हुने कारण तत्कालिन श्री ५ को सरकारमा काम गर्ने शाखा अधिकृतहरु कोही नभएको कारण म र अर्को एक जना मित्र हिरामणि घिमिरेले भाषा जानेको कारण हामी दुई जनालाई लामो विवादपश्चात् अध्ययन विदामा जान दिने गरी श्री ५ को सरकारले अनुमति दियो । हामीलाई नपठाउँदा सिट ल्याप्स हुने कारण यस्तो निर्णय लिन सरकार बाध्य भएको थियो ।

सामान्यतया म इटलीमा र हिरामणिजी बेलायतमा पढिसकेको कारण हामीलाई दोहोरो मौका दिन तत्कालिन छात्रवृत्ति नियमले नमिल्ने भए तापनि सिट रद्द गर्नुभन्दा पठाउनु वेस भन्ने तत्कालिन सरकारले निर्णय गरेबमोजिम हामी दुबै जर्मनीमा प्रशासनिक विज्ञानमा स्नातकोत्तर अध्ययन गर्न जाने भयौं । त्यस प्रोग्राम अन्तर्गत पहिलो ६ महिना पश्चिम वर्लिनमा जर्मन भाषाको आवश्यक अध्ययन र बाँकी १८ महिना जर्मनी स्पाएर भन्ने शहरमा तिन सेमेष्टर अध्ययन गर्नु पर्दथ्यो । सो अनुरुप नै १९८८ को मे महिनामा हामी काठमाडौं फ्रान्कफर्ट हुँदै त्यहाँबाट पनि अमेरिकी हवाइजहाज चढी पश्चिम वर्लिन पुग्यौं ।

**बार्लिन र त्यहाँको पर्खाल**

दोस्रो विश्वयुद्धमा जर्मनीको हार भएपछि एलाइड फोर्स (सोभियत संघ, अमेरिका, फ्रान्स र बेलायतले जर्मनीलाई आफ्नो नियन्त्रणमा राख्ने गरी चार प्लस दुइ (Four + Two) सन्धि गरी सोभियत नियन्त्रण भएको क्षेत्रलाई पूर्वी जर्मनी र अमेरिका, फ्रान्स र बेलायत अधिनस्थ क्षेत्रलाई पश्चिम जर्मनी बनाएका रहेछन् । त्यसै गरी राजधानी वर्लिनलाई पनि दुई टुक्रा गरिएको रहेछ । जसनुरुप पूर्वी वर्लिनलाई पूर्व जर्मनीको राजधानी बनाइएपछि पश्चिम जर्मनीको चाहिँ राजधानी वोन बनाइएको रहेछ ।

जसरी यो पर्खालले दुई जर्मनीलाई विभाजन गऱ्यो त्यसैगरी राजधानी वर्लिनलाई छुट्टयाएको रहेछ । जर्मनीलाई भूगोल र राजनीतिक विचारधारा दुवै दृष्टिकोणबाट टुक्राउने यस पर्खालको निर्माण पूर्वी जर्मन सरकारले १३ अगस्ट १९६१ मा शुरु गरेको थियो । २८ वर्षसम्म कायम रही १९८९ मा पूर्वीजर्मन जनताद्वारा ढालिएको यस पर्खाल अमेरिका र सोभियत संघबीचको शीत युद्धको द्योतक रहेको थियो । विश्व इतिहासमा महत्व राख्ने यो पर्खाल ढल्नुसंगै सोभियत संघको मात्र नभै सबै पूर्वी यूरोपेली राष्ट्रको समाजवादी ब्यवस्था मात्र ढल्न गएन सोभियत संघ टुक्राटुक्रा भएर विखण्डन हुँदा विश्व एक ध्रुवीय हुन पुग्यो । पश्चिम वर्लिन पुगेको हप्ता दिन नपुग्दै हामीलाई पूर्वी वर्लिन पनि हेर्न जाने कौतुहलता भयो । पश्चिम जर्मन मुद्रा २५ मार्क सटही गरेपछि एक दिने भीसा पाइदो रहेछ । सरकारी दरमा पश्चिम जर्मनीको एक मार्क बराबर पूर्व जर्मनीको पनि एक नै मार्क हुँदो रहेछ तर बाहिर बजारमा ब्यक्तिगत रुपमा साट्दा भने पाँच दोब्बर बढी पाइँदो रहेछ ।

बर्लिनको पर्खालको पश्चिम मोहोडामा जसरी जनस्तरमा पर्खालमा पेन्टिङ गरिएको हामीले पायौं, पूर्वतर्फ भने त्यस्तो गर्न दिएको रहेनछ र पर्खाल नजिक कसैलाई जान दिइँदो रहेनछ । कति पूर्वजर्मनीका नागरिकहरु पर्खाल नाघी भागेर पश्चिमतर्फ जान खोज्दा गोली खाइ मरेको उदाहरणहरु पनि रहेछन् । आधिकारिक तथ्यांक अनुसार २८ वर्षको अवधिमा ५००० पूर्वी जर्मन नागरिक पर्खाल नाघी पश्चिमतर्फ जान खोज्दा समातिएका र त्यसमध्ये २०० जना मारिएका रहेछन् ।

पश्चिम बर्लिनमा जुन किसिमको तडकभडक देखिन्थ्यो पूर्वतर्फ भने सुनसान, पसल, रेष्टुराँ र डिपार्टमेन्टल स्टोरमा पनि एकै किसिमका सादा वस्तुहरु मात्रै पाइँदा रहेछन् । पूर्वी जर्मन सरकारले यस पर्खाललाई समाजवादको रक्षक पर्खाल भने पनि पश्चिम जर्मन सरकार भने यस पर्खाललाई नकच्चराईको उदाहरण मान्दो रहेछ । सन् १९४८ मा वर्लिनको पुनर्निर्माण र त्यहाँ चलाउने मुद्रा बारेमा सोभियत संघ र अमेरिका, फ्रान्स र बेलायतबीच कुरा नमिलेको कारण सोभियत संघको स्टालिन सरकारले स्थलमार्गबाट कुनै पनि वस्तु पश्चिम वर्लिन जान नदिई आर्थिक नाकावन्दी गरेपछि अमेरिका, बेलायत, क्यानडा, फ्रान्स, अष्ट्रेलिया र न्युजीलैण्डलगायत थुप्रै देशहरुले हवाइजहाजबाट खाद्यान्न, औषधी तथा लत्ताकपडाहरु पश्चिम वर्लिनमा खसालेका रहेछन् । पश्चिम वर्लिनका ३ लाख जनताको पक्षमा पश्चिमी देशहरु लागेको देखेपछि स्टालिनले सन १९४९ मा नाकावन्दी फुकुवा गरेपछि पश्चिम वर्लिनको जनजीवन सामान्य बनेको रहेछ । पछि सोभियत संघमा गोर्वाचोभको उदयपछि उनीद्वारा प्रतिपादित ग्लासनोष्ट र पेरेस्त्रोइकाको कारण पूर्वी युरोपेली देशहरुमा समाजवाद विरुद्ध क्रान्ति शुरु हुन थालेको थियो । त्यसैको प्रभाव स्वरुप ९ नोभेम्वरमा १९८९ मा पूर्वी जर्मन सरकारले आफ्ना नागरिकलाई पश्चिम वर्लिन र जर्मनी जाने सुविधा दियो । जस्को फलस्वरुप लाखौं पूर्वी जर्मन पश्चिमतर्फ लागे । यसलाइ पूर्वी जर्मन सरकारले थेग्न सकेन । जनस्तरबाटै मुख्य मुख्य ठाउँमा पर्खाल भत्काइयो र यही क्रम बढ्दै जाँदा ३० अक्टोवर १९९० मा जर्मनीको एकिकरण हुन पुग्यो ।

पर्खाल भत्काइएपछि त्यस पर्खालका टुक्राहरु विश्वभर बिक्री भए । समाजवादको पतनको द्योतक बनेको यस पर्खालका नभत्काइएका भागहरुलाई एकिकरणपछिको सरकारले संरक्षण गर्ने नीति लिई यसलाई विश्व सम्पदामा सूचिकृत गर्न युनेस्कोलाई अनुरोध गर्ने निर्णय गरेपछि यो पर्खालको भत्किनबाट जोगिएको भाग बहुमूल्य हुन पुगेको छ ।

## ग्रेटर नेपाल साप्ताहिकको सूचना

आफूलाई स्वघोषित ग्रेटर नेपालको अभियन्ता भन्ने केही व्यक्तिहरूले यस ग्रेटर नेपाल साप्ताहिक आफूले चलाएको भन्दै हिंड्ने गरेको जानकारीमा आएकोले यस पत्रिका विगत ६ वर्षदेखि सुरेन्द्र ढकाल प्रतिष्ठानको एकल लगानीमा प्रकाशित हुँदै आइरहेको जानकारी गराउँछौं । यसबाट कसैलाई पनि भ्रम नपरोस् भनी यो सूचना प्रकाशित गरिएको छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

- सूचना हाम्रो अधिकार ! सुशासन र विकासको आधार ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।
- सूचनाको हक मानिसको मौलिक अधिकार हो ।
- लोकतन्त्रको आधार, सूचनाको अधिकार ।
- सूचना दिने र लिने बानी बसालौं ।
- कुनै पनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# देशलाई खोक्रो पार्नेहरुले पैसा खर्च गरेर भीड जम्मा पारिरहेका छन्

**भक्तपुर इनाचोबाट व्यापार व्यवसायको क्रममा ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नं. ४ दोभानमा पुग्नुभएका चन्द्रबहादुर खाकी श्रेष्ठ र चन्द्रकलाको माइलो छोराका रूपमा ४६ वर्षअगाडि जन्मनुभएका कुमार खाकी श्रेष्ठ नेकपा (माले) को पोलिटब्युरो सदस्य हुनुहुन्छ । विगत ३० वर्षअगाडिदेखि भुरूङ्खेल काठमाडौंमा बसोबास गरिरहनुभएका उहाँले अनेरास्ववियु पाँचौंबाट राजनीतिक यात्रा आरम्भ गर्नुभएको थियो । बि.कम.सम्मको औपचारिक शिक्षा हासिल गर्नुभएका श्रेष्ठ समाजसेवाका विभिन्न गतिविधिहरूमा संलग्न हुनुहुन्छ । काठमाडौं क्षेत्र नं. ७ बाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएका कुमार खाकी श्रेष्ठसँग ग्रेटर नेपाल प्रतिनिधिले गरेको कुराकानी :**

**दुई ठूला गठबन्धनको भिडन्त जस्तो देखिएको निर्वाचनमा तपाईं पनि नेकपा (माले) को तर्फबाट उम्मेदवार बन्नुभयो- तपाईंहरूलाई चाहिँ बाम गठबन्धनको निम्ता आएन ?**

हो, निश्चय पनि अहिले चर्चा बाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनको रहेको छ तर हामीले यिनीहरुको कसरी यति धेरै चर्चा भयो र अरुको कम भन्नेबारे पहिला बुझ्न जरुरी छ । यो मुलुकमा लामो समयदेखि पालैपालो रजाइँ गर्दै देशलाई खोक्रो पारेर अकुत सम्पत्ति थुपार्ने नेताहरु यिनै दुईवटा गठबन्धन भित्ररहेका छन् । निर्वाचन आचारसंहिताको खिल्ली उडाएर यिनीहरुले कालो धनको खोलो बगाएर मिडियादेखि जनतासम्मलाई प्रभाव पारिरहेका छन् । त्यसैगरी राज्यशक्तिको स्रोत साधनको दुरुपयोग गरेर सरकारी गाडी मात्र होइन, हेलिकप्टर समेत लिएर चुनाव प्रचारमा हिँडेका छन् । एउटा सामान्य जादुगर मदारीले बाटामा बसेर बाँदर नचाउँदा त ठूलो भीड जम्मा हुन्छ । देशलाई खोक्रो पार्नेहरुले पैसा खर्चेर गरेको तमासा हेर्न त भीड जम्मा हुने नै भयो । त्यसैले दुईवटा गठबन्धनको मात्र भिडन्त जस्तो देखिए तापनि चुनावमा थुप्रै पार्टी र स्वतन्त्र व्यक्तिहरुले प्रतिस्पर्धा गरिरहेका छन् ।

अब वाम गठबन्धनको निम्ता आएन भनेर जहाँसम्म प्रश्न गर्नुभयो, त्यसमा म के भन्छु भने निम्ता नआएको होइन तर निम्तो मान्न जान उनीहरुको रहस्यमय क्रियाकलाप, उनीहरुको विगतको छवि, र देखाएको दम्भ उनीहरुले लिएको नीति बाधक बन्यो । त्यसैले नेकपा मालेले सच्चा देशभक्त शक्तिहरुबीच प्रगतिशील गठबन्धनको पहला गर्‍यो । जनसमाजवादी पार्टी र हामीबीच 'हँसिया तारा' साझा चिन्ह लिएर चुनावमा जाने सहमति भयो र म पनि उम्मेदवार बनेर जनतासामु अगाडि आएको छु ।

**तपाईंले के कस्ता चुनावी मुद्दा अगाडि ल्याउनु भएको छ ?**

हामीले दुई पार्टीबीचको गठबन्धनले तयार पारेको संयुक्त घोषणापत्रमा उल्लिखित मुद्दालाई नै अघि बढाउने हो । त्यसका अलावा म निर्वाचन क्षेत्र नं. ७ का सम्पूर्ण मतदाताहरुको शिर उँचो रहने गरी संसदमा आवाज उठाउने दृढता व्यक्त गर्दछु । यस क्षेत्रका जनता पनि अन्य क्षेत्रका जस्तै बेरोजगारी र गरिबी जस्ता समस्याले ग्रसित छन् । मैले बेरोजगारी अन्त्य र गरिबी निवारणको लागि सक्रिय भएर काम गर्नेछु । ६० वर्षमाथिका र १६ वर्षभन्दा कम उमेरका नागरिकको सम्पूर्ण उपचार खर्च राज्यले व्यहोर्नुपर्छ भन्ने नीतिका लागि आवाज उठाउनेछु । सांसद सदस्यहरुले विभिन्न शीर्षकमा खाने फजुल खर्चको रकम जनताको सेवामा लगाउने संकल्प गरेको छु । सहरको धूवाँ, धूलो, प्रदूषण हटाउने, चोरीडकैती, लुटपाटको अन्त्य गराई स्वच्छ वातावरणमैत्री र भ्रष्टाचारविहीन समाज निर्माण गराउने, प्रशासनमा भइरहेको नातावाद, कृपावाद जस्ता कुराको अन्त्य गराई योग्य र इमानदार मान्छेलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनेछु । सबै खाले भ्रष्टाचार, राष्ट्रघातको विरोध र अन्त्य गरी आत्मनिर्भर स्वाभिमानी देश निर्माणका लागि निरन्तर डट्ने संकल्प गरेका छौं ।



**कुमार खाकी श्रेष्ठ**
नेकपा माले पोलिटब्युरो सदस्य तथा काठमाडौं क्षेत्र नं. ७ का उम्मेदवार

**चुनावमा सबैले आकर्षक नारा दिने गरेका छन् तर अहिलेसम्म जनतालाई धोका मात्र भइरहेको छ तपाईं के भन्नुहुन्छ ?**

निश्चय पनि अहिलेसम्म राजनीतिको केन्द्रमा बस्नेहरुले इमानदारितापूर्वक काम गरेको भए हाम्रो देश विश्वकै गरिब, भ्रष्ट र प्रदूषित बन्ने थिएन । राजनीति केवल व्यक्तिगत स्वार्थ सिद्ध गर्ने औजारमात्र बन्यो । त्यसैले जनता निराश बनिरहेका छन् । अब परम्परागत लुटतन्त्रको राजनीति अन्त्य गरेर देशलाई अग्रगामी बाटोतर्फ हिँडाउनु ढिला भइसकेको छ । त्यसैले विगतका भ्रष्टाचारीहरुलाई जनताले छानी छानी जवाफ दिन स्वच्छ र इमानदार व्यक्तिहरुलाई मतदान गरेर विजयी गराउन आवश्यक छ ।

**नेपालको राष्ट्रियताका सवालमा तपाईंको के कस्तो धारणा रहेको छ ?**

साँच्चीकै भन्नुपर्दा समसामयिक राजनीतिको जल्दोबल्दो प्रश्न नै राष्ट्रियताका बारेमा हो । अहिले नेपालको राष्ट्रियतामाथि चौतर्फी प्रहार भइरहेको छ । विदेशीको क्रीडाभूमि नेपाल बनेको छ । बाह्य हस्तक्षेपका कारण हाम्रो मौलिक सभ्यता, संस्कृति, रीतिरिवाज मात्र नभएर सिमानामा समेत गम्भीर आघात परिरहेको छ । मेची कालीबीच खुम्चिएको नेपाल समेत दक्षिणको छिमेकीले बारम्बार अतिक्रमण गरिरहेको छ । कालापानी, सुस्ता, तिलाठीदेखि मेची, इलामसम्मका नेपाली भूमि अतिक्रमित छन् । यसबारे सरकारले खबरदारी गर्न सकेको छैन । हामी एक इन्च नेपाली भूमि पनि कसैले अतिक्रमण नगरोस् भन्ने पक्षमा छौं । मेचीकालीबीचको अतिक्रमित भूमिका अतिरिक्त टिस्टा काँगडाको भूभागको समेत खोजी हुनुपर्छ भन्ने हाम्रो धारणा छ । त्यसैगरी जलस्रोतको अपार भण्डार रहेको हाम्रा नदीनाला कब्जा गरेर काम नगरी होल्ड गर्ने भारतीय नीतिका विरुद्ध एक जुट भएर आवाज उठाउन आवश्यक छ । आन्तरिक स्रोत परिचालन गरेर निर्माण गर्न सक्ने प्रोजेक्टहरु कमिसनको आडमा बेचिइरहेका छन्, त्यो रोकिनुपर्छ । अब कसैले देश र जनताको शिर झुक्ने काम गर्नु हुँदैन ।

**अन्त्यमा तपाईं आफ्नो क्षेत्रका मतदाताहरूलाई के भन्नुहुन्छ ?**

सम्पूर्ण न्यायप्रेमी देशभक्त आमाबुबा दाजुभाइ दिदीबहिनीहरुमा यो विनम्र अपिल गर्न चाहन्छु- मलाई पनि एकपटक सेवा गर्ने मौका प्रदान गरिदिनुहोस्, कदापि धोका हुने छैन । हँसिया तारामा अमूल्य मतदान गरौं ।

## व्यंग्य कविता

## ओ भ्रष्टाचारी !

ओ भ्रष्टाचारी !
तिम्रो मुख कत्रो हँ ? अब त अघाउनुपर्ने होइन,
तिमी त सुरसा पो भएछौ सिंगै हनुमान निल्ने
तिम्रो पेट कत्रो हँ ? कहिल्यै नभरिने
तिमी त हन्तकाली पो भएछौ केही बाँकी नराख्ने ।

अब त अचाक्ली भएन र ?
मलाई त तिम्रो पेट फुटाउन मन लाग्छ
सम्झन्छु म महाभारतको इलबल राक्षसको भाइ
बातापी बनेर तिम्रो पेटभित्र पसौं,
अनि बातापीले ऋषिहरुको पेट भेदन गरेर
बाहिर निस्किए जस्तै म पनि तिम्रो पेट
फुटाएर बाहिर निस्कन सकौं ।

तर डर पनि लाग्छ ओ भ्रष्टाचारी !
कतै तिमी बातापी पचाउने अगस्त्य ऋषि जस्तो पर्‍यौ भने
तिमीले मलाई नै पचाइदेउला भनेर ।
हो पक्कै सक्छौ पचाउन तिमीले
मैले देखिरहेको छु
ठूलठूला महल अनि पुलहरु पचाउन सक्ने
अग्नि ज्वाला समान तिम्रो पेट
ड्रमका ड्रम तातो अलकत्र र
सिंगै ट्यांकर तेल बियरझैं
तनतनी पिउँदा नमर्ने तिम्रो तिर्खा,
अनि गर्‍याम गर्‍याम गिटी बालुवा चपाउने
तिम्रा तिखा दाँतहरु देख्दै डर लाग्छ ।

त्यसैले त तिमीले कोसी, गण्डक र महाकाली सजिलै पियौ
थुप्रै कलकारखाना, चियाबारी र
अजंगको लाउडा जहाज निमेषभरमै पचायौ
चारकोसी झाडी मात्र होइन
प्राडो पजेरो गाडी पचायौ
रातो पासपोर्ट बेचेको पैसाले पनि
तिम्रो भोक मरेन
भन्सार नाकाहरुमा तस्करी भएको
कैयौं क्विन्टल सुन, चाँदी पचायौ
शिविरका योद्धाको पैसा भनेनौ,
सुत्केरी भत्ता र वृद्धभत्ता त मामुली भयो
भूकम्पपीडितको पाल, चामल र
दाताले दिएको अर्बौं सहयोग निर्लज्ज भएर पचायौ ।

राष्ट्रिय ढिकुटीको पैसा
औषधि उपचारको नाममा करोडौं पचायौ
राष्ट्रको सम्पत्ति बाबुको धन्सारको धान सम्झेर
आफूले बेहिसाब खायौ
आफ्ना नोकरचाकरलाई बाँडेर सक्यौ
त्यतिले नपुगेर अवकाश प्राप्त भीआईपीको नाममा
बचेखुचेको पनि डकार्ने भयौ
भन्थ्यौ तिमी सिंगापुर मात्र होइन
स्वीटजरल्यान्ड नै बनाउँछु देश
तर बनायौ विश्वको भ्रष्ट र कंगाल नम्बर एक
सुन्दर देशलाई प्रदूषित पार्‍यौ,
शान्तिलाई कहिल्यै नफर्कने गरी डाँडा कटायौ
तिमी साह्रै चलाख रहेछौ भ्रष्टाचारी
विरोधमा उर्लन सक्ने ४० लाख युवालाई
विदेश लघारेर यहाँ लुटको स्वर्ग खडा गर्‍यौ

ओ भ्रष्टाचारी !
अब त तिम्रा पापका घडाहरु भरिइसके



**तेजेन्द्र प्रसाईं**

सक्ने भए मलाई त तिम्रो विनाश गर्न
पौराणिक ऋषि दधिचि बन्न मन लाग्छ
मेरा हाडहरुबाट इन्द्रले बत्रासुर राक्षसलाई
प्रहार गर्न बनाएको जस्तो
शक्तिशाली बज्र बनोस्
अनि एकै प्रहारमा
तिमी र तिमी जस्ता भ्रष्टाचारीहरुको
समूल अन्त्य हुन सकोस्
यस धरतीमा फेरि कहिल्यै प्रकट हुन नसक्ने गरी ।

*(पाठकहरुको अनुरोधमा पुनः प्रस्तुत)*

## साँढे सम्झी डराउँछन्



● प्रेम ओली
(ढकलपुरे)

कोही नेता आँपझैं पाकेका
कोही जोतेको गोरुझैं थाकेका
युवाहरु चाँही
कोही विदेश भागेका
कोही राजनीतिबाट छेउ लागेका
तर देश चाँही
यस्तै बुढा गोरुले पो हाँकेका ।

युवाहरु भन्छन्
साठी कटिसक्दा पनि बूढाहरु
अझै युवा नेता बन्छन्
हामीले बाटो बनाए पनि
हामीलाई छेक्न यिनैले खाल्टो खन्छन्
संन्यासतिर लाग्ने बेलामा पनि
अझै सत्ताको भोका भका छन्
अंगहरुले काम गर्न छाडे पनि
अझै सक्छौं गर्न भन्दै आका छन्
देशलाई गाई बनाई बूढो गोरुले जस्तो
सत्ता पार्टी कब्जा गर्‍या छन्
बुद्धि विवेकको फ्युज उडिसक्यो
तैपनि सक्छौं भन्ने भ्रममा
पर्‍या छन् ।

यी बूढा गोरुले ठाउँ ओगटेसम्म यहाँ
गाई ब्याउने कुनै छाँट छैन
तर गोरुलाई हुत्त्याउने पनि
कुनै नाटाको यहाँ आँट छैन
साँच्चैको नाटो भएको भए यहाँ
त्यो बूढो गोरुलाई के बाँकी राख्थ्यो
थारै गाई भएको भए पनि आजसम्म
त्यो बाली नाघेर ब्याइसक्थ्यो
यी बिचरा नाटाहरु त
गोरुलाई पनि
साँढे हो कि सम्झी सम्झी डराउँछन्
विरोध गर्दा पनि
गोरुले सुन्ला कि भनी सुस्तरी
कराउँछन् ।

*(पाठकहरुको अनुरोधमा पुनः प्रस्तुत)*

# उम्मेदवार परिचय

## "पुराना पुस्ताहरू हावी भएकाले विकासले गति लिन सकेन"

चन्द्रागिरी नगरपालिका ६ मा ३५ वर्षअघि कृष्णकुमार श्रेष्ठ तथा रत्नमाया श्रेष्ठको कोखबाट जन्मनुभएका घनश्याम श्रेष्ठ युवा राजनीतिज्ञ तथा समाजसेवी हुनुहुन्छ । विद्यार्थी कालदेखि नै अनेर ास्ववियुको सदस्य बनी राजनीतिक यात्रा आरम्भ गर्नुभएका श्रेष्ठ नेकपा मालेको नगर कमिटी सदस्य तथा युवा संगठनको सदस्य हुनुहुन्छ । आइएसम्मको अध्ययनपछि सामाजिक काम तथा राजनीतिक क्षेत्रमा सक्रिय बन्नुभएका उहाँ अहिले काठमाडौं क्षेत्र नं. १० 'ख' मा प्रदेशसभाको प्रत्यक्षतर्फको उम्मेदवार बन्नुभएको छ ।

राजनीतिमा युवा सहभागिता बढाउनुपर्ने धारणा राख्ने श्रेष्ठ अहिलेसम्म पुराना पुस्ताका नेताहरू राजनीतिमा हावी भएका कारण मुलुकको विकासले गति लिन नसकेको बताउनुहुन्छ । युवाहरू मुलुकमा अवसर र रोजगारीको अभावमा खाडी क्षेत्रमा जोखिमपूर्ण कामको लागि जिन्दगी बिताउनुपर्ने अवस्था मुलुकमा विद्यमान रहेकाले राष्ट्र निर्माणमा युवा शक्तिको अभाव भइरहेको प्रति उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ । अब युवा निर्यात गरेर रेमिट्यान्सको भरमा देश चलाउने अवस्थाको अन्त्य गरिनुपर्छ । नेपाली श्रम, सीप नेपालकै माटोमा खर्चिनुपर्छ, त्यसको लागि राज्य जिम्मेवार बनेर पहल गर्नुपर्ने धारणा उहाँ राख्नुहुन्छ ।

राजनीति गर्नलाई माले पार्टी नै किन रोज्नुभयो भनेर जिज्ञासा राख्दा मालेको नीति, कार्यक्रम अन्य पार्टीहरूको भन्दा राम्रो रहेकाले माले रोजेको बताउनुहुन्छ । त्यसैगरी उहाँको परिवार पार्टी भूमिगत हुँदादेखि नै मालेसँग आबद्ध रहेको उहाँ बताउनुहुन्छ । मुलुक गम्भीर राष्ट्रियताको संकटमा गुज्रिरहेको अवस्थामा माले पार्टीले मात्र राष्ट्रियताप्रति दहो अडान राखेको र पार्टीको घोषणापत्रमा मिचिएका नेपाली भूमिदेखि लिएर सुगौली सन्धिले गुमेको टिस्टा काँगडासम्मका कुरा समेटिएकाले मालेसँग राष्ट्रियताको सवालमा अन्य पार्टीको तुलना हुनै नसक्ने उहाँ बताउनुहुन्छ ।

एमाले, कांग्रेस जस्ता ठूला पार्टीले विभिन्न प्रलोभन देखाएर युवा शक्तिलाई अलमल्याई राखेकोप्रति उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ । जता हूल बढी देख्यो उतै दौडिने भन्दा को इमनदार छ, त्यसलाई समर्थन गर्नुपर्छ भन्दै उहाँ आफू पनि अहिलेसम्म इमानदार व्यक्तिको रूपमा चिनिएको र कहीँ कतै बेइमानी र धोका नदिएकाले आफूलाई साथीभाइ र जनताले राम्रो साथ दिने बताउनुहुन्छ । आफ्नो क्षेत्रमा मालेको स्थिति राम्रो बनिरहेकाले जितको सम्भावना रहेको बताउँदै सम्पूर्ण मतदाता दाजुभाइ, दिदीबहिनीहरूलाई हँसिया, तारामा मतदान गर्न उहाँ आग्रह गर्नुहुन्छ । प्रदेशसभा सदस्य निर्वाचित भएको खण्डमा समग्र प्रदेशको विकास गर्न आफू पूर्णरूपले समर्पित हुने उहाँ बताउनुहुन्छ ।



**घनश्याम श्रेष्ठ**

नेकपा माले काठमाडौं क्षेत्र नं. १० 'ख' प्रदेशसभा उम्मेदवार

## परिवर्तित समयसँगै राजनीतिमा सक्रिय बन्नेछु



**उषाकुमारी टिवडेवाल**

नेकपा माले समानुपातिक उम्मेदवार काठमाडौं क्षेत्र नं. ७

काठमाडौं १८ किलागलमा माडवारी परिवारमा जन्मिएर आईएसम्मको औपचारिक शिक्षा हासिल गर्नुभएकी उषाकुमारी टिवडेवाल नेकपा मालेको तर्फबाट काठमाडौं क्षेत्र नं. ७ को समानुपातिक उम्मेदवार हुनुहुन्छ । आफ्नो समुदायका महिलाहरू नगन्य संख्यामा राजनीतिमा सहभागी भएकाले परिवर्तित समयसँगै आफूले राजनीतिमा सक्रिय बन्ने चाहना राखेको उहाँ बताउनुहुन्छ ।

नेकपा मालेको जिल्ला कमिटी सदस्य तथा अनेप्रमसंको केन्द्रीय सचिवालय सदस्य समेत रहनुभएकी टिवडेवाल समाजसेवाको विभिन्न क्षेत्रमा सक्रिय रहनुका साथै राजनीतिलाई पनि समाजसेवाकै एउटा अंग मान्नुहुन्छ । राजनीतिलाई सेवाभन्दा पेसा बनाउनेहरूले मुलुक बिगारेकोले यसलाई जनसेवाको उपयुक्त माध्यम बनाउनुपर्ने उहाँको धारणा रहेको छ । गरिब जनताको पीडा, महिला दिदीबहिनीहरूको पीडा मात्र नभएर साना नानीहरू अभिभावकविहीन अवस्थामा सडकमा सुतेर भोगिरहेको दुःख, पीडा आफूले नजिकदेखि नियालिरहेकाले यी सबै खाले दुःखपीडाबाट जनतालाई मुक्त गर्नुपर्छ भन्ने धारणासहित आफू राजनीतिमा लागेको उहाँ बताउनुहुन्छ । कतिपयले सानो पार्टीमा किन लागेको पनि भन्ने गरेका छन् तर मलाई लाग्छ पार्टी ठूलो सानो भीडभाडले होइन, विचारले हुने हो । विचार सिद्धान्त राम्रो छ र त्यो विचार बोकेर हिँड्ने मानिस राम्रा छन् भने त्यसको पछि लाग्ने भीड विस्तारै बढ्दै जाने उहाँको ठम्याई छ ।

आफूले संसदमा प्रतिनिधित्व गरेको खण्डमा टिवडेवाल जनतालाई कहिले पनि धोका नदिने भन्दै आफूलाई विजयी गराउन सबै जनतासँग अपिल गर्नुहुन्छ । हँसिया तारा चिन्हमा भोट दिई सेवा गर्ने मौका दिन उहाँले सबैसँग आग्रह गर्नुभएको छ ।

## राजनीतिमा भ्रष्ट र फटाहाहरूको हालीमुहाली छ



**सुष्मा श्रेष्ठ**

काठमाडौं क्षेत्र नं. ८ 'ख' बाट प्रदेशसभा सदस्य उम्मेदवार

काठमाडौं महानगरपालिका २२ वडामा जन्म भई हाल नागार्जुन ५ मा बसोबास गर्ने सुष्मा श्रेष्ठ नेकपा मालेको महिला नेतृ हुनुहुन्छ । स्नातकसम्मको शिक्षा हासिल गर्नुभएकी श्रेष्ठ अखिल नेपाल प्रगतिशील महिला संघको केन्द्रीय सदस्य हुनुहुन्छ । नेकपा मालेको जिल्ला कमिटी सदस्यसमेत रहनुभएकी उहाँ महिला सञ्जाल तथा विभिन्न सामाजिक अभियानमा सक्रिय हुनुहुन्छ । सहकारी अभियानमा समेत योगदान पुऱ्याउनका साथै महिला दिदीबहिनीहरूमा स्वरोजगार सिर्जना गराउने अभियानमा उहाँले सहयोग गरिरहनुभएको छ ।

काठमाडौं क्षेत्र नं. ८ 'ख' बाट प्रदेशसभा सदस्यको उम्मेदवार बन्नुभएकी सुष्मा राजनीतिमा महिला सहभागिता बढ्नुपर्छ भन्ने अभियानमा हुनुहुन्छ । हाम्रो जस्तो पुरूषप्रधान समाजमा महिला दिदीबहिनीहरू चुलाचौका, घरायसी कामकाज र सीमित संख्यामा विभिन्न कार्यालयहरूमा काम गर्दै आएकोमा राजनीतिक परिवर्तनसँगै राजनीतिमा अघि बढ्ने अवसर प्राप्त भएकोले यसको राम्ररी सदुपयोग गर्नुपर्ने उहाँको धारणा रहेको छ । ठूला दल भनिनेहरूले प्रत्यक्ष उम्मेदवारीतर्फ पुरूष प्रतिस्पर्धीलाई नै अघि बढ्ने मौका दिएकोमा नेकपा मालेले महिलाहरूलाई पनि प्रत्यक्षमा लड्ने मौका दिएकाले उहाँ उम्मेदवारीप्रति गर्व गर्नुहुन्छ ।

नेपाल स्रोतसाधन र प्राकृतिक सम्पदाले धनी भए पनि राजनीतिमा भ्रष्ट र फटाहाहरूको हालीमुहाली भएको कारण मुलुक अघि बढ्न नसकेको, राजनीतिकै कारण महिला दिदीबहिनीहरूले पनि कष्ट झेल्नु परेकाले राजनीतिलाई स्वच्छ बनाउनुपर्ने उहाँको धारणा रहेको छ । नेकपा मालेले समग्र मुलुकलाई अघि बढाउने राजनीतिक एजेन्डासहितको नीति, कार्यक्रम बोकेकाले मालेलाई पनि जनताले मौका दिनुपर्छ भन्दै उहाँले आफू विजयी भएको खण्डमा आफ्नो प्रदेशको समग्र विकासमा दृढताका साथ लागि पर्ने संकल्प गर्नुभएको छ । उहाँले हँसिया तारा चिन्हमा मतदान गर्न सम्पूर्ण दाजुभाइ, दिदीबहिनीसँग अनुरोध गर्नुभएको छ ।

प्रेरक

## प्राणी र वासना

रामकृष्णलाई सबैले परमहंसको रूपमा चिन्थे । उनका असंख्य चेलाहरू सधैं उनको अघिपछि हुन्थे । रामकृष्णको प्रशंसा भारत बाहिर पनि चुलिएको थियो । आफ्ना शिष्यहरूलाई उनी धाराप्रवाह रूपमा प्रवचन दिँदै जीवनदर्शनको पाठ सिकाउँथे । जब उनी शिष्यहरूलाई दीक्षा दिइरहेका हुन्थे पटक पटक भान्साघरभित्र पस्थे र श्रीमतीलाई भोक लागिसक्यो भनिरहन्थे ।

परमहंस भइसकेका गुरूको यस्तो भुखा व्यवहार उनका चेलाहरूलाई पनि मन परेको थिएन, श्रीमती पनि आजित थिइन् । उनले रामकृष्णसँग भनिन्- तपाईं विश्वका महान व्यक्तिहरूमा गनिनुहुन्छ तर पटक पटक भोकाउने बानीसँग परमेश्वरको मेल खाँदैन है । श्रीमतीको भनाइ सुनिसकेपछि परमहंसले भने- हेर प्रभा मानिसहरू बासनाको भोका बाँचेका हुन्छन् । मेरा सबै वासनाका भोकहरू मरिसकेका छन्, यौन निद्रा आदि वासनाबाट म मुक्त भइसकेको छु । खाली खानाको वासनाका पछाडि म दौडिरहेको छु । खाना वासनाका पछि म जुन दिनदेखि दौडन छोड्छु त्यसको तीन दिनमा म मरेको हुनेछु । मलाई अहिलेसम्म जीवित खानाले नै बनाइरहेको छ ।

एकदिन प्रभाले खाना लिएर गइन् तर रामकृष्णले खाएनन् । उनले भने- म अब खानाको वासनाबाट पनि मुक्त भएको छु । रामकृष्णले पहिले भनेको कुरा प्रभाले सम्झिन् । उनको हातबाट खानाको थाल भुइँमा खस्यो । उनी बेस्सरी चिच्याइन् र रून थालिन् । रामकृष्णले फेरि भने- प्रभा तिमी नरोऊ, रूनु बेकार छ, अनेक प्राणी वासनाको पछि दौडिएको हुन्छ । वासनाले नै प्राणीलाई जीवित राखेको हुन्छ । जुन दिन प्राणी वासनाबाट मुक्त हुन्छ, उसले यो धरती छोडेर जान्छ । म सबै वासनाबाट अहिले मुक्त भएको छु । नभन्दै तीन दिनपछि रामकृष्णले संसार छाडे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन् । सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन् । सोचेको समयमा काम नबन्न सक्छ । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला ।

### बृष
गोप्य सूचना बाहिरिनाले समस्या पर्न सक्छ । सानातिना काम र घरेलु समस्यामा अल्भनुपर्ला । अर्थ अभावले पनि सताउन सक्छ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा समेत कमजोरी अनुभूति हुनेछ । अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन् । स्वास्थ्य उपचारमा खर्च बढ्नेछ ।

### मिथुन
मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ । आफन्तसँग असमभदारी बढ्न सक्छ । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राका क्रममा वादविवाद भए पनि उद्देश्य पूरा नहुन सक्छ ।

### कर्कट
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ । प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ ।

### सिंह
चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अस्वस्थताले पनि उद्देश्यमा बाधा पुऱ्याउन सक्छ । अप्रिय समाचारले मन खिन्न रहनेछ । तापनि मिहिनेतले मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन र कृषिबाट सामान्य लाभ मिल्नेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा पनि सोचेजस्तो प्रगति गर्न नसकिएला ।

### कन्या
परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ । हतारको निर्णयले काम बिग्रन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुऱ्याउन सक्छन् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । आमाको सहयोग लिँदा फाइदा उठाउन सफल भइनेछ ।

### तुला
नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### वृश्चिक
केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । आर्थिक गतिविधिले फाइदा दिनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ ।


### धनु
रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन् । पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मकर
समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ । चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुस्ख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### कुम्भ
धेरै आम्दानी नभए पनि उठ्नुपर्ने रकम हातलागी हुनेछ । तर, हातलागी भएको रकम अरूको हातमा पर्न सक्छ । पछिका लागि लगानी गर्नुपर्ला । अचल सम्पत्ति उपयोग गर्नुपर्ने हुन सक्छ । श्रमको उचित मूल्यांकन भए पनि आम्दानी तत्काल प्राप्त नहुन सक्छ । आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ला । तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान हुने देखिन्छ ।

### मीन
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

## महँगा नायक बन्दै अनमोल



अनमोललाई अहिलेसम्म आधा करोडभन्दा बढी पारिश्रमिकको अफर आइसकेको छ । उनी स्क्रिप्ट चित्त बुझे पारिश्रमिक धेरथोर नहेर्ने अभिनेता हुन् । केही निर्माता तथा निर्देशकले ५० लाखसम्म पारिश्रमिक दिने भन्दै अनमोलको घरसम्म पुगेको खबरले केहीदिन यता नेपाली सिनेक्षेत्र राम्रै गर्माएको छ । संख्यात्मक हिसाबले चार फिल्म मात्र प्रदर्शनमा आए पनि उनी सुनभन्दा कम महंगा छैनन् । २० लाख पारिश्रमिकमा अनमोलले 'कृ' साइन गरेपछि नेपाली सिनेबजारमा ठूलै कम्पन उत्पन्न भएको थियो । 'कृ' रिलिज लगत्तै उनी आफ्नो होम प्रोडक्शनको नयाँ फिल्ममा काम गर्दैछन् ।

'ए मेरो हजुर २' निर्माता सुनिल कुमार थापा, 'कृ' निर्देशक सुरेन्द्र पौडेल, फिल्म वितरक मनोज राठी, 'भ्यानाकुटी' निर्देशक सिमोस सुनुवार र छविराज ओझाका छोरा साकार ओझाले अनमोललाई ५० लाख अफर गरेको खबर छ । यो कुराको पुष्टि अनमोलका पिता भुवन केसी आफैंले गरे ।

## "राज्जा रानी" अब मैथिली भाषामा

पौष २१ गतेबाट रिलिज हुन लागेको चलचित्र 'राज्जा रानी' नेपालीसहित विभिन्न भाषामा पनि रिलिज हुने भएको छ । पहिलो पटक क्षेत्रिय भाषामा चलचित्र रिलिज हुन लागेको निर्माणपक्षले बताएको छ । यो चलचित्रलाई मैथिली भाषामा रिलिजका लागि आर्यन फिल्मस् र वितरक कम्पनी भोरविच संझौता पत्रमा हस्ताक्षर भएको छ ।

भोरले मैथिलीसहित भारतमा समेत चलचित्र प्रदर्शन गर्ने अधिकारी लिएको छ । यो चलचित्रको अधिकार लिएवापत भोरले निर्माणपक्षलाई २० लाख पारिश्रमिक दिएको छ । निर्माता पौडेलले चलचित्रको बजार विस्तारमा यस्तो कदमले सहयोग मिल्ने बताए ।

## युएईमा दोस्रो म्युजिक भिडियो अवार्ड

रोजगारीसँगै कलाकारितालाई निरन्तरता दिदै युएईमा संघर्षरत नेपाली गायक, गायिका, मोडल, गीतकार तथा म्युजिक भिडियो निर्देशक र छायाँकारहरुले नेपालका व्यावसायिक कलाकारहरुसँगै दोस्रो म्युजिक भिडियो अवार्ड-२०१७ मा एउटै मञ्चमा सम्मिलित हुन पाउने भएपछि यहाँका नेपाली कलाकारहरुको ढुकढुकी बढ्न लागेको हो ।

डिसेम्बर १ तारिख युएईको राजधानी अबुधाबीमा आयोजना हुन लागेको दोस्रो म्युजिक भिडियो अवार्ड-२०१७ मा नेपाली कला क्षेत्रका करिब ४५ जना हस्तीहरुसँगै युएईमा कार्यरत ५० जना कलाकारहरु अवार्ड पाउने आशामा आवेदन दिएर बसेका छन् । युएईमा श्रमरत करिब ५० कलाकारहरुले विभिन्न विधामा मनोनयन दर्ता गरेका छन् ।

संगीक्षा फिल्म र नमस्ते ट्राभलको संयुक्त आयोजनामा आगामी डिसेम्बर १ तारिख शुक्रबारका दिन आबुधाबीस्थित फोक्लर थिएटरमा भब्य रुपमा आयोजना हुन गइरहेको उक्त अवार्ड कार्यक्रममा अघिल्लो अवार्ड कार्यक्रमभन्दा अलि फरक शैलीमा हुने आयोजकको दाबी छ । कार्यक्रममा नेपालबाट करिब ४५ जना कलाकारका साथमा पत्रकारहरु, आयोजक टोलीका विशिष्ट व्यक्तिवहरु र प्राविधिकहरुको समेत उपस्थिति रहने छ । दोस्रो म्युजिक भिडियो अवार्ड-२०१७ मा नेपाली म्युजिक भिडियोको क्षेत्रमा विभिन्न २२ विधामा अवार्ड वितरण गर्ने कार्यतालिका बनेको छ ।

## "बाँध मायाले" छायाँकनको तयारीमा





अन्ततः नायक आर्यन अधिकारी र नायिका श्रृष्टी श्रेष्ठको जोडी फिल्म 'बाँध मायाले' मा बाँधिने पक्का भएको छ । यसअघि फिल्मको नाम 'सँग-सँगै' रहने चर्चा थियो तर फिल्म युनिटले चलचित्र विकास बोर्डमा 'कसो कसो माया बस्यो' नाम दर्ता गऱ्यो ।

फिल्मका लागि तीनवटा नाम जुराइए पनि 'बाँध मायाले' लाई निर्माण पक्षले लक गरेको छ । फिल्मको छायांकन यसै सातादेखि नवलपरासीबाट सुरु हुँदैछ ।

लेखक समेत रहेका निर्देशक श्रेष्ठले 'बाँध मायाले'लाई आफ्नो ड्रिम प्रोजेक्ट मानेका छन् । 'लामो तयारी पछि हामी सुटिङमा निस्किएका हौं', निर्देशकश्रेष्ठले भने, 'दर्शकले चाहे जस्तो फिल्म बनाउँछु ।' फिल्मपूर्ण रुपमा लभ स्टोरी बन्ने सविरको भनाई छ । निर्देशक श्रेष्ठको काईट्स ईन्टरटेन्मेन्ट प्रा.लिको प्रस्तुती रहने 'बाँध मायाले'का निर्माता रामहरी धिताल र बिभिसीका श्रेष्ठ निर्माता हुन् ।

सह-निर्माताको रुपमा महेन्द्र अधिकारी र केदार प्रसाद धिताल छन् । बाबु श्रेष्ठको छायांकन रहने फिल्ममा अर्जुन पोखरेलको संगीत रहनेछ । कोरियोग्राफी कविराज गहतराज र रामजी लामिछानेले गर्नेछन् । फिल्ममा आर्यन र श्रृष्टीसँगै राजाराम पौडेल, विशाल चाम्लिङ, किशोर खड्काको अभिनय रहनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Haven = सुरक्षित, आरामदायी स्थल Library can be a haven for retreating during chaotic times (अस्तव्यस्तताबाट छुटकारा लिने हो भने पुस्तकालय एउटा सुरक्षित एवं आरामदायीस्थल हो)

Hatch = पार्नु These hens do not hatch eggs rather they are for meat purpose (यी कुखुरीहरू फुल पार्दैनन वरु मासुका लागि हुन)

Irascible = सजिलै क्रोधित हुने Her irascible temper always initimidates her pupil (उन्को सजिलै क्रोधित हुने वानीले उन्का छात्रहरूलाइ भयभित पार्छ)

Liquidate = वेचविखन गरी तिरतार गरी वन्द हुनु As the corporations could not survive, the government decided to liquidate them (संस्थानहरू कमाएर वाच्ने अवस्थामा नभएका हुंदा सरकारले त्यस्ता संस्थानहरूको संपत्ती वेचविखन गरी वन्द गर्ने निर्णय गऱ्यो)

Moratorium = ऋण तिर्ने कुरामा राहत If banks should not give moratorium to the defaulters (वैंकको ब्याज वेलैमा नवुझाइ ढिलाइ गर्नेहरूलाई कुनै किसिमको पनि राहत दिनु हुदैन )

Narcissist = अति घमण्डि, A narcissist person can hardly win a friendship (अति घमण्डी मान्छेहरूले प्राय कोहीसंग पनि मित्रता गर्न सक्तैनन)

Omnivorous = माछामासु र सागपात दुवै खाने Human beings are mostly omnivourous (धेरै जसो मानिसहरू माछामासु र सागपात दुबै खान्छन )

Pundit = विषयको ज्ञाता This organization mostly invites pundits to give speech in topical issues (यो संस्थाले विशेष गरी विषयका ज्ञातालाई समसामयीक समस्या वारे वोल्न आमन्त्रण गर्दछ)

Punctilious = ब्यवहारमा भद्रता प्रर्दशन गर्ने He is punctilious and always shows the readiness to follow the etiquette (उ ब्यवहारमा भद्रता प्रर्दशन गर्ने मानिस भएको हुंदा चालचलन अनुरुप चल्न जहिले पनि तयार हुन्छ )

Rig = धांधली गर्नु The ruling party rigged the election (सरकारमा भएको दलले चुनावमा धाधली गऱ्यो)

## सामान्य ज्ञान

नेपालमा प्रथम महिला इलेक्ट्रोनिक्स इन्जिनियर को हुन् ?
- कुमारी किरण राणा

नेपालका प्रथम वैज्ञानिक को हुन् ?
- गेहेन्द्रशमशेर राणा

अमेरिका जाने प्रथम नेपाली को हुन् ?
- पद्मसुन्दर मल्ल

युरोप पुग्ने प्रथम नेपाली राजा को हुन् ?
- श्री ५ त्रिभुवन

साझा पुरस्कार पाउने प्रथम नेपाली महिला को हुन् ?
- भूपि शेरचन

नेपालमा पीएचडी गर्ने प्रथम नेपाली को हुन् ?
- प्रभा बस्नेत

नेपालका प्रथम आईजीपी को हुन् ?
- गोपाल शमशेर जबरा

विश्वको भ्रमण गर्ने प्रथम नेपाली को हुन् ?
- केशर शमशेर

सात समुद्रको पानी पिउने ऋषि को हुन् ?
- ऋषि अगस्त

नेपाली विषयमा सर्वप्रथम पीएचडी गर्ने प्रथम व्यक्ति को हुन् ?
- वासुदेव त्रिपाठी

नेपाली विषयमा सर्वप्रथम पीएचडी गर्ने महिला को हुन् ?
- बानिरा गिरी

नर्गिसको फूल कुन देशको राष्ट्रिय चिन्ह हो ?
- चीन

वर्षा नाप्ने इन्त्रलाई के भनिन्छ ?
- रेनमेज

सूर्यको तापक्रमको अनुमान कति गरिएको छ ?
- १ लाख १० हजार फरेनहाइट

सूर्यको किरणमा सात रंग हुन्छ भन्ने पत्ता लगाउने व्यक्ति को हुन ?
- सर आइज्याक न्युटन

## फरक थाहा पाई राख्नुहोस्

Salary = महिनावारी वा तलव Her salary has not increased for last three years तीन वर्ष देखि उस्को तलव वढेको छैन ।

Wage = ज्याला । दैनिकी The workers get wages on daily basis कामदारहरूले दैनिक श्रपमा ज्याला पाउछन् ।

Horrible = त्रासदीपूर्ण Nowadays Radio broadcasts everyday the horrible news of murders आजकाल रेडियोले हत्याको त्रासदीपूर्ण समाचार प्रशार गर्ने गर्दछ ।

Horrid = निर्दयी, नमजाको Yesterday we had a horrid weather हिजोको मौसम ज्यादै नमजाको थियो ।

Humbleness = आफूलाई सानो ठान्ने स्वभाव He is a greatman and still shows his humbleness (ऊ ठूलो मान्छे हो यद्यपि आफूलाई सानो ठान्छ )

Humility = घमण्ड नदेखाउने प्रवृत्ति He is a person of great humilty (उ घमण्डको लेश पनि नभएको मानिस हो )

Hurdle = वाधा In life one has to cross many hurdles (जिन्दगीमा मानिसहरूले धेरै वाधा पार गर्नु पर्दछ )

Hurtle = वेतोडले दौड्नु This child hurtles without seeing left and right (यो बच्चा दायाँ बायाँ नहेरी बेतोडले दौडन्छ )

Notion = मन्थन नगरेको विचार धारा । सोचाइ Your head is full of silly notions तिम्रो दिमाग मुर्ख सोचाइ ले टन्न छ ।

Idea / Concept = विचारधारा He has a fine idea of making this plan a success उसंग यो योजनालाई सफल वनाउने राम्रो विचारधारा छ ।

Unlawful = अनैतिक Corruption is unlawful everywhere भ्रष्टाचार जहापनि अनैतिक हुन्छ ।

Illegal = गैरकानूनी In some country, gambling is not illegal कुनै कुनै देशमा जुवा खेल्नु गैरकानूनी छैन ।

## सुडोकु-अंक ७८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २ | | | | ६ | | |
| ८ | ५ | | २ | | ६ | | ७ | ४ |
| | ७ | | | ५ | | | १ | |
| ७ | | | ८ | | ३ | | | |
| | ४ | | | | | | ६ | |
| २ | | | ६ | | ७ | | | ३ |
| | १ | | | ८ | | | ९ | |
| ३ | २ | | ४ | | १ | | ८ | ५ |
| | | ४ | | | | २ | | |

## अंक ७७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ४ | २ | ९ | ५ | ७ | ६ | ८ |
| ५ | ७ | ९ | ३ | ८ | ६ | २ | १ | ४ |
| २ | ८ | ६ | ४ | १ | ७ | ५ | ९ | ३ |
| ६ | ९ | ८ | ७ | ४ | ३ | १ | २ | ५ |
| ३ | १ | ५ | ८ | ६ | २ | ४ | ७ | ९ |
| ४ | २ | ७ | १ | ५ | ९ | ३ | ८ | ६ |
| ७ | ४ | १ | ६ | ३ | ८ | ९ | ५ | २ |
| ९ | ६ | ३ | ५ | २ | १ | ८ | ४ | ७ |
| ८ | ५ | २ | ९ | ७ | ४ | ६ | ३ | १ |

# बालअधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन २०७४




सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री कार्यालयका सचिव खगराज बराल



ड्यासमा आसिन अतिथि गणहरू



मन्तव्य राख्दै केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशक



सम्मेलनमा मन्तव्य राख्दै प्रमुख अतिथि



मन्तव्य राख्दै संस्थाका अध्यक्ष सुवास गौतम



प्रमुख अतिथिलाई स्वागत गरिँदै



सम्मेलनमा जिज्ञासा राख्दै सहभागी



आफ्ना जिज्ञासा राख्दै बालक्लव सञ्जालका प्रतिनिधि



कार्यक्रमका बारेमा प्रस्तुति दिँदै सोनीया रिजाल

**बालअधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन २०७४**

बाल विकास समाजले शहरी क्षेत्रमा बस्ने बालबालिकाहरुको अधिकार सम्बन्धी राष्ट्रिय सम्मेलन गरेको छ ।

बाल विकास समाजले शहरी क्षेत्रमा बस्ने बालबालिकाहरुका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिरहेको थियो । संस्थाले बालबालिकाहरुलाई बालक्लवमा आवद्ध गरी विभिन्न सशक्तिकरणका तालिम दिने र उनीहरुका लागि बालमैत्री उद्यान निर्माण गरी समावेसी तथा एकअर्कामा सामाजिकरणको भावना विकासमा समेत संस्थाले टेवा पुऱ्याइरहेको छ । विभिन्न जिल्लाहरुबाट शहरमा आएर बस्ने तथा छाप्रो बस्तीमा बस्ने बालबालिकाहरुका धेरै समस्याहरु भएको र यी समस्याहरुलाई राज्यले सम्बोधन गर्नु पर्ने कुराम संस्थाले आफ्नो भूमिका निर्वाह गरिरहेको छ ।

यसैगरी बाल विकास समाजले विभिन्न जिल्लाका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधि तथा सरोकारवाला पक्षहरुलाई एकठाउमा ल्याएर संस्थाले सम्मेलन गरेको हो । संस्थाले प्रधानमन्त्री कार्यालयका सचिव खगराज बरालको प्रमुख अतिथ्यतामा उक्त राष्ट्रिय स्तरको सम्मेलन सम्पन्न गरको हो । सम्मेलनमा विराटनगर महानगरपालिका, विरगन्ज महानगरपालिका लगायत अन्य जिल्लाका नगरपालिका तथा महानगरपालिकाहरुको समेत सहभागिता रहेको थियो । सम्मेलनमा बालअधिकार कर्मी, नागरिक समाज लगायत थुप्रै उच्च व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

सम्मेलनमा गाउँमा रहेका बालबालिकाहरुको समस्या र शहरमा रहेका बालबालिकाहरुको समस्याहरु फरकफरक रहेका छन भन्ने कुराको चर्चा व्यापक रुपमा भएको थियो । कार्यक्रममा केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशकले विगतको तुलनामा अहिले बालबालिकाहरुको अवस्थामा केही हद सम्म सुधार आएको भए तापनि अन्य देशको तुलामा नेपाल कछुवाको गतिमा रहको कुरा उल्लेख गर्नु भएको थियो । शहरमा बस्ने बालबालिकाहरुको सामाजिकरणको समस्या भएको हुनाले बालमैत्री बाल उद्यानबाट यसलाई न्यूनिकरण गर्न सकिने योजनाका बारेमा समेत उहाले चर्चा गर्नु भएको थियो । त्यसैगरी बालबालिकामा मायाको कमी भएर एक्लो महशुस गर्ने हुनाले आत्मा हत्याको संख्या बढेकोप्रति चिन्ता व्यक्त गर्नु भएको थियो । कार्यक्रममा श्रम विभाग, विभिन्न मन्त्रालयका प्रतिनिधिहरुले आ आफ्नो धारणा राखेका थिए ।

शहरी क्षेत्रमा बस्ने बालबालिकाहरुको नदेखिने किसिमको समस्या धेरै हुने हुनाले सोही अनुसार मिलेर काम गर्ने बारेमा समेत सरोकारवालाहरुबाट चर्चा भएको थियो । कार्यक्रका प्रमुख अतिथिले आफू पनि बालबालिकाहरुप्रति संवेदनशिल भएको हुनाले उनीहरुलाई पीडा हुँदा आफूलाई पनि दुख्ने कुरा बताउनु भएको थियो । बालबालिकाहरुका लागि खेल उद्यान नभएको, उनीहरु एकअर्कामा घुलमिल हुन नपाएका, बालमैत्री संरचना निर्माण नभएको, अविभावकहरुले विनायोजना बच्चालाई जन्म दिने हुनाले बच्चामा जन्मदेखि नै विभिन्न समस्याहरु लिएर आउने कुराको चर्चा गर्दै सबैले आफ्नो घरबाट नै बालबालिकामैत्री परिवार निर्माणमा सुरु गर्नुपर्ने कुरा समेत बताउनु भएको थियो ।

हाम्रो भविष्य नै बालबालिका भएका हुनाले उनीहरुमा लगानी गर्न आजैबाट सुरु गर्न पनि उहाँले सबैमा आग्रह समेत गर्नु भएको थियो । यस सम्मेलनले शहरी क्षेत्रमा बस्ने बालबालिकाहरुका समस्या समाधान लागि ठोस निष्कर्ष निकाल्ने र उक्त निष्कर्षले आगामी दिनमा बालबालिकाको हितमा बन्ने विभिन्न नीति तथा नियमहरुका लागि पनि काम गर्ने विश्वास समेत व्यक्त गर्नु भएको थियो । कार्यक्रम विभिन्न प्रध्यापक तथा विषय विज्ञहरुमार्फत बालबालिकाका मुद्धाहरुको बारेमा प्रस्तुति भएको थियो । जस्तै : शिक्षा, स्वास्थ्य, शहरी क्षेत्रको बसाइस्थिती लगायतका थुप्रै विषयहरुको बारेमा प्रस्तुति भएको थियो । उक्त प्रस्तुतिमा सहभागीहरुले विभिन्न जिज्ञासा राखेका थिए । शहरी क्षेत्रको जनसंख्यालाई हेर्दा ४२ प्रतिशत जनसंख्या शहरी क्षेत्रमा बस्ने गरेको पाइन्छ भने ५ प्रतिशतका दर शहरमा जनसंख्याको चाप बढेको देखिन्छ । यसकारण शहरी क्षेत्रमा बस्ने बालबालिकाहरुका समस्या जटिल बन्दै गएका छन् । अझ छाप्रो बस्तीमा बस्ने बालबालिकाहरुको अवस्था त झन नाजुक रहेको पाईन्छ ।

बस्तीमा बस्ने अगुवाहरुको ध्यान भूमि अधिकारमा छ । कसरी आफू बसेको स्थानलाई बैध बनाउने भन्ने कुरामा राजनीति गरिराखेका छन् । जसले गर्दा बालबालिकाहरुका समस्या ओझेलमा परेको देखिन्छ । त्यस क्षेत्रमा बालबालिकाहरुले सानै उमेरमा विवाह गर्ने विभिन्न किसिमका दुर्व्यवहारमा पर्ने जस्ता समस्याहरु रहेको पाइन्छ । सम्मेलनमा यी कुराहरुको बारेमा पनि व्यापक छलफल भएको थियो । बालमैत्री स्थानीय शासनका बारेमा इन्डिकेटरहरु पूरा गरी बालमैत्री शहर, वडा निर्माणका लागि पनि सम्मेलनमा चर्चा भएको थियो । शहरी बालबालिकाहरुका समस्या निराकरणमा सरकारको दायित्व भएको र सोही अनुसार नीतिहरु बनी कार्यान्वयन गर्नुपर्ने माग सहित १५ बुँदे घोषणा पत्र जारी गर्दै सम्मेलनको समापन भएको छ ।

**प्रस्तुति : गोविन्द वि क**

## चुनौती...

खाडीको तातो हावामा निस्सासिन बाध्य छन् । संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था दिने उद्घोषका साथ राज्य पक्षसँग माओवादीले गरेको द्वन्द्व आखिर सम्झौतामा टुंगियो । माओवादीहरु संसदीय व्यवस्थाकै दलदलमा जाकिन पुगे । सर्वहाराका मसिहा ठान्ने माओवादी नेताहरुको जीवनशैली आज जस्तो देखिएको छ, त्यसले बताउँछ त्यो जनयुद्ध नभएर धनयुद्ध पो रहेछ । विप्लव समूह माओवादीकै एक झुन्ड हो र त्यसले जनवादी क्रान्ति गर्नेछ र देशमा जनवादी शासनको अभ्युदय हुनेछ भनेर कसैले पनि पत्याउँदैन ।
प्रतिस्पर्धात्मक राजनीतिको विकल्प एकदलीय कम्युनिस्ट अधिनायकवाद हुन सक्दैन ।

यदि प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन कथंकदाचित हुन नसके संविधान सभाले बनाएको संविधान असफल हुन्छ । संविधानको असफलतासँगै देशमा घोर संवैधानिक र राजनीतिक संकट उत्पन्न हुन्छ । यस्तो अवस्थालाई के विप्लव समूहले आफ्नो अनुकूलता ठानेको छ ? संवैधानिक र राजनीतिक रिक्ततामा अभ्युदय हुने भनेको अधिनायकवाद नै हो । त्यस बेला मात्र विप्लव समूहका हातमा सत्ताको बाग्डोर आउँछ जसलाई सुरक्षा संयन्त्रले साथ दिनेछ ।

रुसी अक्टोबर क्रान्ति सफल हुन जसरी रुसी सेनाको हात थियो, चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नमा जसरी च्याङकाइसेकका सेनाहरुले माओलाई साथ दिएका थिए त्यसरी नै के नेपाली सेनाले विप्लव समूहलाई साथ दिनेछ ? नेपाली सेनाको चरित्र सधैं अराजनीतिक रहँदै आएको छ । आफ्ना परमाधिपति राजालाई नागार्जुन जंगल दलहरुले लखेट्दा पनि सेनाले कुनै प्रतिक्रिया जनाएन । अर्थात् जननिर्णयको बर्खिलाफमा सेना उभिएन । संविधानसभाले गणतन्त्रको घोषणा गर्‍यो । जनप्रतिनिधिहरुले गरेको गणतन्त्रको ऐतिहासिक निर्णयलाई सेनाले सम्मान गर्‍यो । सेनाले संविधानसभा भवन घेरेर गणतन्त्रलाई सजिलै रोक्न सक्यो । देशबासीको गणतन्त्रको चाहना र अन्तर्राष्ट्रिय दबाबलाई दरबारमै हुर्किएका तत्कालीन सेनापति रुक्मांगद कटवालले झेल्न सकेनन् । देशमा जब संवैधानिक संकटको अवस्था आउँछ, त्यसबेला अघि सर्ने सेना नै हो । या त भिन्न नामको अमुक अधिनायकवाद । विप्लव समूहले राजनीतिक र संवैधानिक रिक्तताको विकल्प दिन सक्दैन । यस अर्थमा निर्वाचनका मुखमा पड्काइएका बम बारुदले कुनै महत्व पनि राख्दैन ।

सर्वविदित छ छिमेकी मुलुक भारत नेपालको संविधान कार्यान्वयनको पक्षमा छैन । न त उसले अहिलेसम्म संविधानलाई समर्थन नै गरेको छ । संविधान संशोधन गराई तराई भूगोललाई पहाडबाट अलग्याएर एक मधेस प्रदेश बनाइछोड्ने आधार निर्माण गर्ने भारत लागिपरेको अवस्था छ । अहिलेको हकमा चुनाव हुन नदिने हर्कतले भारतीय मुरादकै पक्षपोषण गर्छ । म्युजियममा सजिएको श्रीपेचलाई फेरि पूर्वराजा ज्ञानेन्द्रको शिरमा लगाइदिने धृष्टताका खेलहरु सतहमै देखिन थालेका छन् । धर्मनिरपेक्षताको खारेजी र हिन्दू राष्ट्रको पुनःस्थापनामा भारतीय संस्थापन पक्षको समेत जोडबल छ ।

निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा गरेको बताइरहँदा सरकार समेत विप्लव समूहको गतिविधिसँग झस्किरहेको अवस्था छ । निर्वाचन आचारसंहितालाई धोती लगाउँदै सरकार प्रजिअहरुको धमाधम सरुवा गरिरहेको छ । त्यसरी नै प्रहरी अधिकृतहरुको पनि सरुवा गर्न पछि परेको छैन ।

निर्वाचन परिणामलाई प्रभावित गर्ने सरकारी धृष्टता र विप्लव समूहको चुनौतीले निर्वाचनलाई थप सशंकित बनाउँदैछ । चुनौतीको घेरामा हुने निर्वाचनको व्यग्र प्रतिक्षामा छन् आम मतदाताहरु । निर्भर भएर मतदान गर्न पाउनुपर्ने मतदाताको अधिकारमाथिको हस्तक्षेपलाई सुरक्षा निकायले कसरी परास्त गर्ने हो निर्वाचनको सफलता त्यसमै भर पर्छ ।

## गणतन्त्र...

विरोधमा समेत नाराबाजी गरेका थिए ।

निर्वाचन विरोधी नारा लगाएर गणतन्त्रको खारेजी माग गर्नेहरुको जुलुसलाई प्रहरीले सुरक्षा दिएको थियो । निर्वाचन नजिक आएका बेला निर्वाचन भाँड्न खोज्ने र गणतन्त्र खारेजीको माग गर्नेहरुलाई देउवा सरकारको प्रहरी प्रशासनले कुनै अवरोध नगर्नु आश्चर्यको विषय बनेको छ ।

## सी...

चीनको कार्यकारी उपप्रधानमन्त्री नियुक्ति गरिएको छ । उनी गुवांग्तोङ प्रान्तका पूर्वपार्टी सचिव पनि हुन् । यसैगरी सांघाईमा पार्टी सचिव रहेका ६३ वर्षीय हान जङलाई चिनियाँ पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फ्रेन्सको नेतृत्व दिइएको छ । यसका अलावा ६० वर्षीय झाओ लेजीलाई पार्टीको भ्रष्टाचारविरोधी समितिको प्रमुख बनाइएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीमा नेतृत्व निर्माणको सिलसिला निकै व्यवस्थित हुँदै आएको थियो । चीनमा ६८ वर्ष भएपछि अनिवार्य अवकाश हुने भएकाले नेतृत्वमा वृद्ध र भावी नेताहरूलाई मिलाएर अघि बढाइने गरेको थियो । सोहीअनुसार अहिले पार्टीको भावी नेताका रूपमा पोलिटब्युरो र स्थायी समितिमा वरिष्ठ नेताहरूसँगै भावी नेताका रूपमा उमेर धेरै नखाएका सक्रिय नेताहरूलाई ल्याउने गरिन्थ्यो । यसअघि वर्तमान राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली खछ्याङ १७औं पोलिटब्युरोको स्थायी समितिमा छैठौं र सातौं नम्बरमा ल्याउँदा सी ५४ र ली ५२ वर्षका मात्रै थिए ।

## माले...

इमानदार तथा चर्चित कम्युनिस्ट नेता डम्बर श्रेष्ठले प्रतिस्पर्धा गर्नुभएको छ । नेकपा मालेका पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री श्रेष्ठका प्रतिस्पर्धाहरु वाम गठबन्धनका प्रचण्ड र राप्रपाका विक्रम पाण्डे भए तापनि श्रेष्ठले उनीहरुलाई प्रतिस्पर्धी ठान्नु सैद्धान्तिक हिसाबले नमिल्ने बताउनुभएको छ । घरदैलो अभियानमा जोडतोडले लागिरहनुभएका डम्बर श्रेष्ठको पक्षमा राम्रो माहोल बनिरहेको छ ।

यसैबीच माले महासचिव सीपी मैनाली तथा जनसमाजवादी पार्टीका महासचिव सुवास काफ्ले आफ्ना उम्मेदवारहरुलाई जिताउन सक्रियतापूर्वक लागिरहनुभएको छ । विभिन्न मिडियाहरुको उपयोग गरी प्रचारप्रसार गर्नुका साथै मतदाताको घरदैलोमा समेत उहाँहरु पुग्ने गर्नुभएको छ ।

काठमाडौं क्षेत्र नं. ८ को घरदैलो कार्यक्रममा माले महासचिव सीपी मैनाली प्रमुख अतिथिको रुपमा सहभागी हुनुभएको छ । उहाँले सम्बोधन गर्दै मतदाताहरुसँग भेटघाट गर्नुभएको छ । घरदैलो कार्यक्रममा पोलिटब्युरो सदस्य कुमार श्रेष्ठ, केन्द्रीय सदस्य सिद्धि महर्जन, जिल्ला सचिव शैलेशराज श्रेष्ठ लगायत नेताहरुको सहभागिता रहेको थियो । प्रतिनिधिसभाका लागि क्षेत्र नं. ८ का उम्मेदवार मनोज नेवा प्रदेशसभाका उम्मेदवार सुष्मा श्रेष्ठ र महेश्वरविलास जोशीसहितको घरदैलो कार्यक्रम काष्ठमण्डप पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै महासचिव मैनालीले हँसिया तारामा मत हाल्न अनुरोध गर्नुका साथै ठूला दलहरुले गरिरहेको भ्रष्टाचार, राष्ट्रघात, शोषण, दमनको भण्डाफोर गर्नुभएको थियो ।

उहाँले विदेशीको तावेदारी गर्नेहरुले कोसी, गण्डक र महाकालीमा गरेको राष्ट्रघातको उहाँले चर्चा गर्नुभयो । नेकपा माले सबैखाले हत्या, हिंसा, आतंकको विरोधी पार्टी भएको भन्दै सच्चा देशभक्त क्रान्तिकारी जनता मालेको साथमा रहेको बताउनुभयो । ठूला पार्टीले देखाउने डर, धम्की, आतंक र प्रलोभनबाट मुक्त हुन पनि उहाँले जनतामा अपिल गर्नुभएको थियो ।

यसैबीच काठमाडौं क्षेत्र नं. ७ मा पनि हिजो बिहीबार घरदैलो कार्यक्रममा महासचिव मैनालीले सहभागिता जनाइ सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रममा माले पोलिटब्युरो सदस्य कृष्ण राना, केन्द्रीय सदस्य सिद्धि महर्जन र उम्मेदवारहरु पोलिटब्युरो सदस्य कुमार श्रेष्ठ, सुरेशराज वैद्य, राजु श्रेष्ठ र समानुपातिकका उम्मेदवारहरु उषा टिवडेवाल, अनिता मानन्धर, राज्यलक्ष्मी श्रेष्ठ, मृदुला, विनोद महर्जनलगायत मालेका नेता कार्यकर्ताहरुको सहभागिता थियो ।

कार्यक्रममा बोल्दै महासचिव मैनाली ले नेकपा मालेले लिएको विचार मुलुकको अग्रगामी निकासका लागि उपयुक्त र समयसापेक्ष भएकोले सम्पूर्ण मतदाताहरुलाई हँसिया तारा चिन्हमा मतदान गर्न आह्वान गर्नुभयो ।

## जनता...

बताउँछन् । १ रुपैयाँ किलोमा काउली किनेको सम्झना उनलाई ताजै छ । अहिले रायोको साग पाउको पच्चीसमा किनेको उनी बताउँछन् । न्यून आय भएका व्यक्तिलाई बाँच्न गाह्रो परेको तीनकुनेकी गृहिणी रमा शर्मा गुनासो गर्छिन् । पाँच सयको तरकारी किन्दा सानो हाते झोला नभरिने स्थिति आएपछि भोलिको दिन कस्तो होला भन्दै उनी चिन्ता व्यक्त गर्छिन् ।

तरकारीको भाउ यतिसाह्रो महँगो हुनुको कारण किसानबाट उपभोक्तासम्म पुग्दा पाँचवटा च्यानल पार गर्नुपरेकाले हो भनेर तथ्य बाहिर आएको छ । किसान ठगिने, उपभोक्ता ठगिने र बिचौलिया मोटाउने परिपाटीको अन्त्य हुन जरुरी छ । यसैगरी काठमाडौं उपत्यकामा पहिला पर्याप्त तरकारी उत्पादन हुन्थ्यो । तरकारी फल्ने मलिला खेतहरुमा कंक्रिटको जंगल ठडिएको छ जसले गर्दा आयातित तरकारी महँगिएको हो ।

अहिले प्रतिदिन ३ करोड २२ लाख रुपैयाँ बराबरको तरकारी भारतबाट आयात भइरहेको तथ्यांक राष्ट्रबैंकको रहेको छ । यो हिसाबले एक महिनामा ९६ करोड ६० लाख रकम तरकारीका लागि मात्र बाहिरिने गरेको छ । व्यापारघाटा बढाउन तरकारी, फलफूल, खाद्यान्नको पनि ठूलो भुमिका रहेको छ । नेपाल कृषिप्रधान मुलुक भए पनि कृषि उत्पादन गर्ने श्रम शक्ति विदेशिएको छ । अहिले ६० वर्षमाथिका वृद्धका हातमा कृषि फर्म आएको छ । उत्पादन गर्नभन्दा रेमिटेन्सबाट खरिद गर्न जिन्दगी सरल बन्दैछ । त्यसैले यसबारेमा सबै पक्षले सोच्न आवश्यक छ ।


# सूचना सूचना सूचना

**नेपाल सरकारले राष्ट्रिय भूउपयोग नीति २०७२ जारी गरिसकेकाले सोबमोजिम भएको भूमिको कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामग्री (ढुंगा, बालुवा, गिटी) उत्खनन क्षेत्र र आवश्यकता अनुसार तोकिएको अन्य क्षेत्रहरू वर्गीकरण अनुसार उपयोग गरी देशलाई हुन सक्ने खाद्य संकटबाट बचाऔं साथै जोखिम क्षेत्रमा बसोबास नगर्ने बानी बसालौं ।**

**पुनश्चः यस आयोजनाबाट उत्पादन गरेका ७५ जिल्लाहरूका १५०००० माननापका केही गाविस/नपाहरूको १,१०,००० माननापका भूउपयोग नक्सा/डाटा बिक्री भइरहेको समेत जानकारी गराइन्छ ।**

नेपाल सरकार
**भूमि सुधार तथा व्यवस्था मन्त्रालय**
राष्ट्रिय भूउपयोग आयोजना
मध्यबानेश्वर, काठमाडौं, फोन ०१४४९२४५२, ४४९२४५३

आदरणीय मतदाताज्यूहरु जानी राखौं !

# नेपाल कस्तो देश हो ?

१. विश्वको १० कंगाल र भ्रष्ट देशहरुमध्ये एक हो नेपाल ।
२. विश्वको सबैभन्दा ठूलो व्यापार घाटा भएको देश हो नेपाल ।
३. विदेशीले ७४ स्थानमा आफ्ना सीमा मिच्दा, टिस्टा काँगडाको आफ्नो भूमिलाई उपनिवेश बनाउँदा सीमा क्षेत्रमा गैरकानुनी रुपबाट बाँध बनाई आफ्नो भूमिलाई जलमग्न बनाउँदा अनि आफ्ना नागरिकलाई दिनदहाडै मार्दा कानमा तेल हालेर बस्ने देश हो नेपाल ।
४. युवायुवतीहरुलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न पठाइ कमाएको पैसा (हुन्डी) ले चल्ने देश हो नेपाल ।
५. बालबालिकाको श्रमशोषण, यौन दुर्व्यवहार र ओसारपसार, महिलामाथि घरेलु हिंसा र विभेदका लागि विश्व प्रख्यात देश हो नेपाल
६. हरेक नौ महिनामा प्रधानमन्त्री फेरिने कारण भूतपूर्व असक्षम प्रधानमन्त्रीहरुको लस्कर भएको देश हो नेपाल ।
७. गरिब जनताका छोराछोरी जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करोडौं खर्च गरी विदेशमा उपचार गर्न पठाउने देश हो नेपाल ।
८. जहाँनीया राणातन्त्र, जहाँनीया राजतन्त्रपछि जहाँनीया नेतातन्त्र भई हाम्रा जति मात्रै राम्रा हुने अनि राम्रा जतिलाई पाखा पार्ने विश्वको एकमात्र देश हो नेपाल ।

(चुनाव चिन्ह)

आजसम्म जन्मियो कोही यस्ता कलंकहरुबाट मुक्त गरी नेपाललाई समृद्ध, सवल, सभ्य र विशाल देश बनाउने राजनेता ? जन्मेका छैनन्, तसर्थ आउनुहोस् आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा हँसिया तारा चुनाव चिन्हमा मतदान गरी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) का प्रत्यक्ष र समानुपातिक तर्फबाट उठेका सबै उम्मेदवारहरुलाई अत्यधिक मतले विजय गराउनुहोस् । हामी तपाईलाई समृद्ध, सवल, सभ्य र विशाल नेपाल बनाएर देखाइदिनेछौं ।



## ३ नम्बर प्रदेश सभाका लागि समानुपातिक तर्फका उम्मेदवार




**सुरेन्द्र ढकाल (पोलिटब्यूरो सदस्य नेकपा माले)**
डक्टरेट अफ स्पेसलाइजेसन सरकारी संगठन र व्यवस्थापन (इटली)
स्नातकोत्तर प्रशासनिक विज्ञान (जर्मनी)
स्नातकोत्तर इतिहास तथा स्नातक जनप्रशासन (नेपाल)